
बौद्ध मासिक

# धर्म चक्षु



# DHARMA CHAKSHU

वर्ष-१२, अङ्क-४, पूर्णाङ्क-६६, कार्तिक २०६६, बुद्ध संवत् २५५३, ने.सं. ११३० Oct./Nov. 2009

Wondershare PDFelement

# लुम्बिनी विश्वशान्ति स्तूपदेखि पोखरा विश्वशान्ति स्तूपसम्म आयोजित १० दिने शान्तिपदयात्राका झलक


















Wondershare PDFelement

बौद्ध मासिक

# धर्म चक्षु

# The Dharma Chakshu





(Buddhist Monthly)
POKHARA, NEPAL

धर्मशीला बुद्धविहार, धर्मशीला मार्ग, नदीपुर, पोखरा, फोन: ०६१-५२०५१७

वर्ष-१२, अङ्क-४, पूर्णाङ्क-६६, कार्तिक २०६६, बुद्ध संवत् २५५३, ने.सं. ११३० Oct./Nov. 2009

प्रधान सम्पादक
**भिक्षु श्रद्धानन्द**
५२०५१७

प्रकाशक
**ज्ञानमाला संघ**

व्यवस्थापक
**अनागारिका कर्मशीला**
(संस्थापिका, धर्मशीला विद्वत वृत्ति)

सह-सम्पादक
**युवा बौद्ध संघ**

काठमाडौं प्रतिनिधि
**सविता धाख्वा शाक्य**

सहयोगीहरू
**बलबहादुर अधिकारी**
**अञ्जली जोशी**

सम्पर्क कार्यालय
सम्पादक
**तिलकमान गुभाजु**
१४४, नयाँबजार, पोखरा-८
फोन: ५२०२४६
E-mail: dharmachakshu@gmail.com

मुद्रण
**शिव शंकर अफसेट प्रेस**
पृथ्वीचोक, पोखरा
फोन: ०६१-५२८०७३

मूल्य: रू. २०।-

## विषय-सूची

| | | |
|---|---|---|
| सम्पादकीय | | २ |
| परोपकार र बोधिचित | भिक्षु अश्वघोष | ३ |
| बुद्धका दृष्टिमा नरक | नारायणप्रसाद अधिकारी | ५ |
| बुद्ध दर्शन र नेपाल | तिलक पराजुली | ९ |
| जापानमा बौद्ध धर्म: अतीत र वर्तमान | भूपनिधि पन्त | ११ |
| त्यसबेला बुद्ध धर्मको आकर्षण | विमलश्री | १३ |
| Where the Buddha | *Bhikshu Sanghrakshit "Saddhamma Kovid"* | १४ |
| Curriculum Vitae Nigrodha | | १५ |
| पोखराको विश्वशान्ति स्तूप: निर्माणदेखि पुन: निर्माणको शुरूसम्म | तिलकमान गुभाजु | १७ |
| धर्मशीला विद्वत् वृत्ति भिक्षु निग्रोधलाई प्रदान | | २५ |
| सामूहिक प्रवज्या कार्यक्रम सम्पन्न | | २७ |

हाम्रो आफ्नो मौलिक धर्म, दर्शन लगायतका विशिष्टता विश्वसामु प्रचार प्रसार गरी नेपाल र नेपालीको गरिमा र प्रतिष्ठा उच्च बनाउनका लागि नेपाललाई बौद्ध देश घोषणा गर्नुपर्दछ। नेपाल बौद्ध देश हुनुपर्दछ।

Wondershare PDFelement

**सम्पादकीय**

# बौद्ध देशको लागि अपिल

नेपाललाई हामी बुद्ध जन्मेको देश, बुद्धको देश र बौद्ध देश भन्छौ । हामीले यसरी लेख्दा र व्यवहारमा भन्दा कसैलाई आपत्ति पनि छैन । तर, औपचारिक रुपले भन्न भने हामीले सकिरहेका छैनौ । त्यो साहस हामीले जुटाउन सकिरहेका छैनौ । त्यो साहस जुटाउन नसक्नाको कारण के हो भने हामीमध्ये धेरैलाई धर्मनिरपेक्षताका पखालले छेकेको छ । कथित आधुनिक हुन खोज्नेहरुलाई धर्मसापेक्ष मुलुक भनेको पुरानो परम्परावादी भन्ने मानसिकताले रोकेको छ । केहीलाई हिन्दूहरु मान्दैनन् कि भन्ने भयले सताएको छ । यी सबै डर त्रासले गर्दा एउटा वास्तविकतादेखि हामी पर पुग्दैछौ ।

केही हिन्दूहरु नेपाललाई अझै हिन्दू राष्ट्र बनाउन लागिपरेका छन् । यो सर्वविदित छ । धर्मसापेक्ष मुलुक भएमा अन्य धर्मले आफ्नो धर्ममाथि जबर्जस्ती अतिक्रमण गर्न सक्दैन, आफ्नो धर्मको सरक्षण भइरहन्छ भन्ने उनीहरुको जिकिर छ । गरीब एवं अशिक्षित देशहरुमा जेजसरी अन्य धर्मले अतिक्रमण गरिरहेका छन् त्यो देख्दा त्यो जिकिरलाई अन्यथा भन्न मिल्दैन । हाम्रो देश नेपालमा पनि धर्मनिरपेक्ष भएपछि अतिक्रमण बढ्दैछ । त्यो अतिक्रमणलाई के-कसरी रोक्ने त्यो कुरा कसैले सोचेका छैनन् । यस्तो वास्तविकतालाई समयमै सोच्न नसक्नु नीति निर्माताहरूको कमजोरी हो ।

नीतिनिर्माताहरु र नेताहरुमा भएको त्यही कमजोरीले गर्दा धर्मसाक्षेप भएमा आफ्नो धर्मको सरक्षण हुन्थ्यो भन्ने जिकिरको औचित्य पुष्टि हुन्छ । जहाँसम्म औपचारिक किसिमले बौद्धदेश बनाउने कुरा छ, त्यो हिन्दूहरुको पहिलो प्राथमिकतामा नपरेपनि दोस्रो प्राथमिकतामा पर्दछ । किनभने हिन्दूहरुले भगवान बुद्धलाई कुनै न कुनै रुपले मान्ने गर्दछन् । र त्यसरी मान्नेहरुले बौद्ध राष्ट्र भएमा आपत्ति गर्ने अवस्थामा देखिदैन । उनीहरुको मौन स्वीकृति बौद्ध राष्ट्रको पक्षमा हुन्छ ।

धर्म सापेक्ष र निरपेक्षतालाई परम्परावादी र आधुनिकताका प्रतीकका रुपमा सम्झने जुन मानसिकता हामीमध्ये धेरैमा छ, त्यो मानसिकता आफैं परम्परावादी सोच र सिद्धान्तको प्रतीक हो । धर्मनिरपेक्ष हुँदैमा कुनै देश रातारात आधुनिक हुने होइन र बौद्ध देश हुँदैमा परम्परावादी र अन्धविश्वासले व्याप्त भई पुरातनपन्थी हुने पनि होइन । यसमा हामी प्रष्ट हुनुपर्दछ ।

भगवान बुद्धद्वारा प्रतिपादित धर्म दर्शनमा अन्धविश्वासलाई स्थान छैन । कर्मकाण्ड, कुरुतिको औचित्य छैन । बुद्ध धर्म विज्ञानसम्मत धर्म हो । विज्ञानदेखि धेरै नजिकको धर्म हो । यसमा ईश्वर र आत्माको परिकल्पना छैन । यो अन्यधर्म भन्दा बेग्लै धर्म हो । अनात्मवादी धर्म हो । यसलाई अझै प्रष्ट पार्न के भन्न सकिन्छ भने बुद्ध धर्म र अरु धर्मलाई उउटै कित्तामा राखी समाजले जे जसरी हेर्ने गरेको छ र व्याख्या गर्ने गरेको छ, त्यो हेराइ र व्यवहार नै गलत छ ।

२६०० वर्ष पहिले प्रतिपादन भएको बुद्धका शिक्षा, सिद्धान्त र दर्शन आजपनि उत्तिकै सान्दर्भिक र आवश्यक भएको कुरा सबैले स्वीकार्ने गरेका छन् । २६०० वर्षदेखि अहिलेसम्म सान्दर्भिक भइरहनु र खासमा भन्ने हो भने अहिले झन् आवश्यक हुनु त्यसको शाश्वतता हो । यस्तो शाश्वत शिक्षा, सिद्धान्त र दर्शनलाई परम्परावादी वा पुरातनपन्थी भनेर पन्छाउन खोज्नु के कति उचित छ, त्यो सोच्नुपर्ने विषय हो ।

संविधानसभाले नयाँ नेपालको संविधान निर्माण गर्दै गरेको यस घडीमा यी सबै विषयमा गम्भीर भएर सोच्न हामी आग्रह गर्दछौं । र हामी यो पनि आग्रह गरी सम्झाउन चाहन्छौं कि शुरुदेखि धर्म निरपेक्ष देश भएको भारतले आफ्नो राष्ट्रिय झण्डामा बौद्ध प्रतीक चिन्ह अंकित गरेको, आफ्नो राष्ट्रिय मुद्रामा तीन टाउको जोडिएको सिंह राखेको आदि र विश्व संस्था संयुक्त राष्ट्र संघले समेत शान्तिका अग्रदूत भगवान बुद्धको जन्मस्थल लुम्बिनीको विकासमा संलग्न भएको र वैशाख पूर्णिमा महोत्सव मनाउन आफ्नो कार्यालयमा बिदा गरेको सम्झेर समुचित निर्णय लिनुपर्ने कुरामा जोड दिन चाहन्छौं र बौद्ध देश घोषणाको लागि अपिल गर्दछौं ।

# परोपकार र बोधिचित्त

- भिक्षु अश्वघोष

अरुको उपकार र हित हुने काम गर्नुलाई परोपकार भनिन्छ। यो असल गुण धर्म हो। यो गुण धर्म मानिसमा मात्र देखिन्छ, पशुमा देखिदैन। खानु, सुत्न, डराउनु (भय) र मैथुन सेवन यी चारकुरामा पशु र मानिस फरक छैन। तर मानिसमा मैत्री र करुणा भएको मानव हृदय छ उपकार गर्ने भावना छ। उपकार र सेवा गर्ने मन हुनु उत्तम गुण धर्म हो। परोपकार अर्थात खानाको लागि मात्र बाँचेका मानिस हुन् भने महापुरुष हरुको कथन छ। उनीहरुलाई स्वार्थी भनिन्छ। अरुलाई आफूले उपकार गर्न असमर्थ भए पनि आफू अरुलाई बाधक नवनीरहन सके यो पनि परोपकारी काम हुन जान्छ।

आफुमा अरुको सेवा र भलो हुने योग्यता शक्ति नहुन सक्छ। तर आफूले गरिरहेको कामले अरुको कल्याण हुने तरिकाले गर्नु सक्नुपर्छ। उदाहरणको लागि एक दुई घटना प्रस्तुत गर्छु।

एक शिक्षकले स्कूलमा पढाउनु र अध्यापन कार्य गर्नु आफ्नो रोजगार भए पनि राम्रोसँग ध्यान दिएर करुणापूर्वक पढाएर विद्यार्थीको जीवन सफल होस्, असल नागरीक तथा असल मान्छे वनोस्, भविष्य उज्वल होस् भनि सोचिकन पढाइदिएको खण्डमा परोपकार हुन्छ अनि शिक्षकमा बोधिचित्त हुन्छ कि !

सरकारी जागिरदारहरुले इमान्दारीपूर्वक काम गरिदिएको खण्डमा परोपकार हुनेछ। घूस खाने आशाले अनेक वहाना वनाई काम नगरीकन आनाकानी गरेको खण्डमा परोपकारी वन्ने छैन। हितैषी भावले काम गरेको खण्डमा परोपकार हुन्छ। त्यस्तो सेवा भावले काम मानिसमा बोधिचित्त हुन सक्छ।

पसलमा वस्ने व्यापारीले तराजुलाई ठीक नपारी ढक पनि ठीक नपारी सामान बेच- विखन गरेको खण्डमा अविश्वासको पात्र भई वेइमान वन्न पुग्छ। त्यस्ता काम गर्ने मान्छेले परोपकार गर्न सक्दैन। इमान्दार व्यापारी वन्न सके उ परोपकारी वन्न सक्छ। उसमा बोधिचित्त हुन सक्छ।

अस्पतालमा ओषधोपचार गर्ने डाक्टरले करुणापूर्वक दयाराखी उपचार गरेको खण्डमा बोधिचित्त भएको र बोधिसत्व वन्न सक्छ। आफ्नो क्लिनिकमा उपचारार्थ ध्यानाकार्षण गरी औपचारीक रुपमा करकापले बिरामीको जाँच गरेर औषधोपचार गरेको खण्डमा परोपकार हुदैन अपकार मात्र हुनेछ।

वर्षातको समयमा मोटर साइकल र मोटरगाडी चलाउने मानिसहरुले मानिसहरु हिडिरहेको ठाउँमा विस्तारै चलाएको खण्डमा परोपकार हुनेथियो। फुर्तिसाथ गाडी चलाउँदा अरुको जिउमा हिलो छ्यापेर जानु अशिक्षित असभ्यपनको लक्षणको परिचय दिने हुन्छ।

धर्मप्रचारकहरुले (भिक्षुहरुले) मनुष्य जीवन सुधार हुने मानिसलाई असल मान्छे हुने खालको उपदेश र रचनात्मक शिक्षा दिए यो पनि परोपकारको काम हो।

केरा सुन्तला र वदाम खाएर वाटोमा र वसमा जथाभावी न फाले यो पनि परोपकारको काम हो।

अँध्यारो हुने गल्लि वाटोमा वटुवाहरुलाई सजिलो र सुविधा हुने गरी झ्याल वाहिर वत्ती एउटा राख्न सके यो पनि परोपकारको काम हो। बोधिचित भएको व्यक्तिले यस्ता परोपकारको काम गर्ने गर्दछन्।

एकदिन असनमा एउटी भोटेनीले वाटोको

बीचमा फालेको गाँजको केराको बोक्रो जम्मा गरेर सडकको छेउमा थुपारेको देख्दा यो उपकारको र बोधिचित्तको कुरो हो जस्तो लाग्यो ।

मालिकले सेवकप्रति दया राखी समयमै तलब दिनु, बेसन्चो हुँदा औषधोपचार गरिदिनु यो पनि बोधिचित्त भएका व्यक्तिको काम हो । त्यस्तै हरेक क्षेत्रमा इमान्दारीसाथ आफुले गर्नुपर्ने कर्तव्य पालन गर्न सके यो पनि परोपकारको कुरो हो ।

मन्त्रीहरुले देशविकासको लागि विदेशबाट आएको आर्थिक अनुदान र सहयोगबाट कमिशन नखाईकन देश सेवा गरेको खण्डमा बोधिचित्त भएको बोधिसत्वको पदवी पाउँछ कि ! अरुको हित हुने काम गर्नेबेला अरुबाट केही सहयोग लिन मनसाय राख्नुहुन्न । नाउँ कमाउन र प्रशंसा पाउने इच्छा राख्यो भने ब्याज लिने इच्छाले पैसा सापटी दिने जस्तै सही उपकार गरेको हुँदैन ।

उपकारको काम गर्दाखेरी छलकपट र स्वार्थको भावना हुनु हुँदैन । बहुजन हिताय मनमा राखी गरेको कामलाई परोपकार भनिन्छ । यही भावनालाई सही धर्म भनिन्छ । बोधिचित्तमा करुणा र प्रज्ञा समाहित हुन्छ ।

◊◊◊


धर्मशीला बुद्ध विहारका संस्थापिका

*अनागारिका धर्मशीलाको*

२३औं पुण्य तिथिमा गुरुमाप्रति श्रद्धासुमन अर्पण गर्दछौं ।

साथै

गुरुमाको स्मृतिमा स्थापित

***धर्मशीला विद्तवृत्ति-२०६६***

बाट सम्मानित हुनुभएका भिक्षु निग्रोधलाई

हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**दायक सभा परिवार**

**धर्मशीला बुद्धविहार**

पोखरा

# बुद्धका दृष्टिमा नरक

- नारायणप्रसाद अधिकारी
पृथ्वीनारायण क्याम्पस पोखरा

नरक पूर्वीय शास्त्रहरूको, विशेषत: पुराणहरूको परिकल्पना हो । यस ब्रह्माण्डमा छुट्टै ठाउँका रूपमा नरक कहाँ छ भन्ने कुरा भौतिक विज्ञानले पत्ता लगाउन सकेको छैन तर लाक्षणिक अर्थमा बुझ्ने हो भने नरक भनेको अशुभ, दुखपूर्ण तथा पीडादायक अवस्थाको नाम हो । नरक त्यो मनोदशा हो जहाँ थरी थरीका वेदनाहरू, प्रतिकूल परिस्थितिजन्य पीडाहरू, असह्य कष्ट र पाशविक दुर्गति अनुभूत हुन्छ । वैदिक पुराणहरूमा रौरव, कुम्भीपाक आदि दर्जनौं नरकका नामहरू दिइएको छ भने बौद्धसाहित्यमा पनि अवीचि आदि थुप्रै नरकको वर्णन पाइन्छ। अहिलेको भाषामा बुझ्नुपर्दा नर्क भनेको दुखपूर्ण अवस्था हो । यसको विपरित अनेक विधिका सुखपूर्ण अवस्था स्वर्ग हो । जीवनमा असत् आचरण गर्ने, निकृष्ट कर्म गर्नेहरूले नारकीय दुख भोग्नुपर्छ र सदाचरण र उत्कृष्ट कर्म गर्नेहरूले स्वर्गीय सुख भोग्न पाउँछन् भनिएको छ। तत्कालीन भाषामा राम्रा कर्महरूलाई पुण्यकर्म र नराम्रा कर्महरूलाई पापकर्म भनिएको पाइन्छ । प्रसिद्ध बौद्ध धर्मग्रन्थ धम्मपदको निरय वर्गमा कस्ता कस्ता कर्म गर्नाले नरकमा परिन्छ र दुख पाइन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

बुद्धले धम्मपदको उक्त वर्गमा विशेषत: निम्नलिखित १० किसिमका मानिहरूलाई नरक गामी वा नारकीय दुख भोग्नुपर्ने बताएका छन्-

१. नभएको कुरा बोल्ने ।
२. आफूले गरेको कुरा पनि गरेको छैन भनेर ढाँट्ने ।
३. काँधमा काषाय वस्त्र भिरेर अर्थात् प्रव्रज्या वा संन्यास ग्रहण गरेर पनि संयममा नरही पापकर्म गर्ने ।
४. अर्काकी पत्नी वा अर्काको पतिसँग विषयभोग गर्ने ।
५. राष्ट्रको सम्पत्ति खाएर अनुकूल आचरण नगर्ने ।
६. श्रमण भएर पनि श्रमण धर्म ठीकसँग पालन नगर्ने ।
७. आफ्नो चरित्रको ठीकसंग रक्षा नगर्ने ।
८. लाज मान्नुपर्ने ठाउँमा नमान्ने र नमान्नु पर्ने ठाउँमा मान्ने ।
९. डराउनुपर्ने ठाउँमा नडराउने र नडराउनपर्ने ठाउँमा डराउने ।
१०. दोषीलाई निर्दोष देख्ने र निर्दोषीलाई दोषी देख्ने ।

उपर्युक्त कर्म गर्ने मानिस, आगामी जन्मको कुरा छोडौं यही जन्म मै दुखी हुन्छ, शोकसन्तप्त हुनपुग्छ । कुनै पनि असल वा कसल कर्मको प्रभाव मन्द वा तीव्र रूपमा तत्कालैदेखि उत्पन्न हुनथाल्छ । यदि हामी कुनै वनावटी कुरा गर्दैछौं, असत्य बोल्दैछौं वा नभएको कुरालाई हो भनेर सिद्ध गर्न खोज्दैछौं भने हाम्रो हृदयमा संकुचन भइरहेको हुन्छ, हृदय अलि दविएजस्तो अनुभव हुन्छ । कुरा दुई तोला वरावरको किन नहोस् तर हृदयले दुई किलो वरावरको भार अनुभव गर्छ । यसको विपरीत यदि सत्य कुरा बोलिरहेका छौं भने हृदय खुलेको, दवाव मुक्त भएको र हल्का अनुभव हुन्छ । यो हामीले आफैमाथि प्रयोग गरेर पनि अनुभव गर्न सक्छौं । सबैले देख्न मिल्ने गरी यन्त्रका सहायताले यसको वैज्ञानिक प्रयोग पनि पश्चिमा मुलुकका कतिपय अदालतहरूमा भइरहेको उल्लेख पाइन्छ । जसरी एउटा कार्डियोग्राफी यन्त्रले हृदयको धड्कनको ग्राफ तयार पार्छ त्यसै गरी उक्त सत्यमापन यन्त्रमाथि मानिसलाई राखेर बोल्न लगाउँदा साँचो कुरा गर्दाको ग्राफ र झूठो वा वनावटी कुरा गर्दाको ग्राफ स्पष्ट छुट्टिने गरी तयार हुने गर्छ । अनि त्यसैका आधारमा उसको वयानको सत्यता र असत्यता छुट्टाइन्छ । तात्पर्य के हो भने सत्यवादिता र असत्यवादिताको मापन स्वयं वक्ताकै हृदयले गरिरहेको हुन्छ फलस्वरूप सत्यले सुखद अनुभूति र असत्यले दुखद अनुभूति दिइरहेको हुन्छ । त्यही दुखद अनुभूति नै नारकीय अनुभूति हो, यसै जीवनमा भोग्न पाइने । हुनसक्छ त्यो दुखद अनुभूति अझ सघन भएर मानिसको मृत्यु होस् र त्यसका प्रभावले आगामी जीवन झनै दुखपुर्ण होस् अनि

त्यसैलाई नारकीय गति वा नरकवास भनिएको होस्। सन्तहरूको र शास्त्रहरूको भाषा कतिपय सन्दर्भमा अत्यन्त प्रतीकात्मक र लक्षणामूलक हुने हुनाले अर्थ बुट्याउन गाह्रो पर्छ।

बुद्धको आफ्नै जीवनमा घटेका घटनालाई उपर्युक्त तथ्यको प्रमाणका रूपमा पेस गर्न सकिन्छ। बुद्धको बढ्दो ख्याति र प्रभाव देखेर अत्तालिएका तत्कालीन पण्डितपुरोहितहरूले एउटी सुन्दरी परिव्राजिकालाई आर्थिक प्रलोभनमा पारी बुद्धसँग अवैध सम्बन्ध रहेको असत्य कुरा बोल्न लगाए। बुद्ध पाखण्डी हो भन्ने अफवाह फैलियो। पछि गुण्डाहरूद्वारा त्यस सुन्दरीको हत्या गरियो र त्यो अभियोग पनि बुद्धमाथि थोपरियो तर जब रक्सीको मातमा ती गुण्डाहरूको मुखबाट सत्य कुरा उजागर भयो बुद्धप्रति मानिसहरूको झन् अगाध श्रद्धाविश्वास बढ्यो र नभएको कुरा हो भन्ने, गरेको कुरा गरेको छैन भन्ने र भन्न लगाउनेलाई मरणान्त कष्ट भयो। अनि आगामी जीवन पनि तिनको नारकीय नै भयो।१ यस प्रसङ्गले असत्यवादीहरूको नारकीय गति हुन्छ भन्ने पुष्टि गर्छ।

बुद्धको आफ्नो मौलिक धर्म संयम र सदाचारमूलक धर्म हो भने प्रव्रज्या र काषयवस्त्र धारण त्यही संयमको प्रतीक हो। संयमको प्रतीक काषयवस्त्र धारण गर्ने भिक्षु पनि संयमी बनेर पापकर्ममा संलग्न हुन्छ भने अथवा इन्द्रियतृप्तिका निम्ति सांसारिक विषयभोगमा आकर्षित हुन्छ भने त्यस्तो व्यक्तिले नारकीय दुख पाउँछ वा नरकवासी हुन्छ। त्यसै गरी राष्ट्रको तलबभत्ता खाएर नियमानुसार काम नगर्ने र दुराचार, भ्रष्टाचार गर्ने व्यक्ति पनि नरकगामी हुन्छ वा दुखद अवस्थाको सिकार हुनपुग्छ।

बुद्धले यौनजीवनमा स्वेच्छाचारिता वा स्वच्छन्दताको कहिल्यै समर्थन गरेनन्। उनले तर्जुमा गरेको पञ्चशीलमा नै अवैध कामसम्बन्ध वर्जित छ। उनका दृष्टिमा परस्त्रीगमन एवं परपुरुषगमन दुवै अमर्यादित हुन् र त्यस्तो अमर्यादित कामसम्बन्ध राख्ने व्यक्तिका चार किसिमका दुर्गति हुन्छन्- १. पुण्य क्षय हुन्छ र अपुण्यको भागी हुन्छ, २. त्यस्ता मानिसहरू सुखपूर्वक सुत्न वा निदाउन सक्दैनन्, ३. त्यस्तो व्यभिचारी मानिसलाई समाजले पनि निन्दा र तिरस्कार गर्छ, ४. त्यस्तो कामी व्यक्ति नरकमा पर्छ अर्थात् महान दुख र कष्टको सिकार बन्छ। त्यसैले परपुरुषगमन र परस्त्रीगमनबाट सधै बच्नुपर्छ। बुद्धको निर्देशन तत्कालीन समाजदेखि वर्तमानसमाजसम्म पनि उत्तिकै मूल्यवान् छ। यति एउटै निर्देश पनि मानवजातिले पालन गरिदिए आजको मानव एड्सजस्तो महामारीको सिकार हुनुपर्ने थिएन।

अति नै पवित्र, महिमावान तथा कल्याणकारी वस्तु पनि ठीकसँग उपयोग भएन भने अत्यन्त कष्टदायी हुन्छ। श्रमणत्व वा संन्यास, जीवनको उच्चतम अवस्था हो जहाँबाट मानिस निर्वाण वा मुक्तिको द्वारमा प्रवेश गर्छ तर त्यही श्रामण्य वा संन्यासधर्मलाई ठीकसँग पालना गरिएन भने त्यसले मानिसलाई नरकसम्म पुऱ्याउँछ, जसरी पवित्र र गुणकारी मानिएको कुश घाँसलाई ठीकसँग समातिएन भने त्यसले हातै काटेर रक्ताम्य बनाइदिन्छ (धम्मपद, ३११)। जुन कर्म सामान्य जीवनमा गर्दा स्वर्गदायक वा सुखदायक हुन्छ त्यही कर्म यदि संन्यासजीवनमा गर्न खोजियो भने त्यो नर्कदायक वा कष्टकारक बन्न पुग्छ।

कर्मलाई कति सशक्त र प्रभावकारी बनाउने हो भन्ने कुरा त्यसको सम्पादनमा अपनाइने दृढता र शिथिलितामा भर पर्छ। व्रत वा संकल्पलाई उच्च बनाउने कुरा त्यसको निर्मलतामा भर पर्छ र ब्रह्मचर्यलाई फलदायी बनाउने कुरा त्यसको शुद्धतामा भर पर्छ। त्यसैले बुद्ध भन्छन्- यदि कर्म शिथिल छ, व्रत निर्मल छैन र ब्रह्मचर्य अशुद्ध छ भने त्यसबाट महान फल प्राप्त गर्न सकिन्न (धम्मपद, ३१२)। कर्ममा दृढता, व्रतमा निर्मलता र ब्रह्मचर्यमा शुद्धता भयो भने मात्रै तिनले जीवनलाई महान् बनाउँछन्। संन्यास वा परिव्राजक हुनु पनि एउटा विशिष्ट कर्म हो। यदि यसलाई अपनाउने हो भने दृढता र पराक्रमपूर्वक यसमा संलग्न हुनुपर्छ र विधिपूर्वक सम्पन्न गर्नुपर्छ। यदि त्यसो गरिएन र धर्मपालनामा शिथिलता रहन दिइयो भने त्यसले जीवनलाई विकारग्रस्त बनाउँछ र समाजमा पनि नराम्रो प्रभाव फैलाउँछ (धम्मपद, ३१३)।

बुद्धका अनुसार कर्म मूलतः दुई कोटिका हुन्छन्- सुकर्म र दुष्कर्म, जसलाई सुकृति र दुष्कृति पनि भनिन्छ। जीवनका फाँटमा दुवै किसिमका कर्महरू फिँजिएका हुन्छन्। कुशल जीवन सञ्चालकले तीमध्ये

सुकर्म छानेर अपनाउंछ र दुष्कर्महरू छोडिदिन्छ तर जीवनसञ्चालक अकुशल छ भने सत्कर्म छोडेर दुष्कर्महरू टिप्ने सम्भावना हुन्छ किनभने दुष्कर्महरू आकर्षक र सरल प्रकृतिका हुन्छन् जब कि सत्कर्महरू प्रायः कष्टसाध्य हुन्छन्।

बुद्धको कथन छ कष्टसाध्य नै भए पनि सुकृतलाई नै समात्नुपर्छ दुष्कृतलाई होइन किनकि दुष्कृतले पछि पश्चाताप दिलाउंछ, परिणाम दुखद हुन्छ भने सुकृत श्रेष्ठ कर्म भएकाले त्यसमा अनुतापको पीडा सहनु पर्दैन (धम्मपद, ३१४)।

हरेक मानिसको जीवन सत् र असत्को दोसांधमा छ। सांधमा भएकाले यो सत्‌बाट पनि प्रभावित हुन सक्छ र असत्‌तवाट पनि। दुवैतर्फ खुला वाटो भएकाले यो सत् धर्मको वाटातिर पनि लाग्न सक्छ र असत् धर्मतिर पनि। त्यसैले बुद्धिमान् मानिस जीवनको यस्तो अवस्था बुझेर निकै सचेत र सतर्क हुनुपर्छ। प्रतीकात्मक उदाहरणका रूपमा बुद्ध भन्छन्- जसरी दुई देशको सीमानामा पर्ने शहर आन्तरिक र वाह्य दुवै तवरले राम्ररी सुरक्षित पारिएको हुन्छ त्यसै गरी मानिसले आफ्नो जीवनलाई सुरक्षित पार्नुपर्छ। एक क्षणका लागि पनि सतर्कता टुट्यो भने जीवन नरकतिर ढल्न सक्छ र ठूलो शोकमा डुब्नुपर्ने हुन सक्छ (धम्मपद ३१५)। यस्तै एकै क्षणका लागि चरित्रमा चुकेका मानिसहरू जीवनभर पश्चाताप गर्दै रोइरहेका देखिन्छन्। यस प्रकार बुद्धले मानव जीवनलाई सर्वाधिक महत्व दिंदै यसका एक एक क्षणलाई होशपूर्ण र विचारपूर्ण भएर सतर्कतापूर्वक सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।

प्रकृतिले मानिसलाई काम, क्रोध, लोभ, मोह जस्ता खतरामात्र दिएको छैन लज्जा, प्रेम, त्याग, विराग, भय जस्ता सुरक्षाकवच पनि दिएको छ तर मानिसले ती सुरक्षात्मक तत्वलाई ठीक समय र ठीक ठाउंमा प्रयोग गर्न जान्दैन र दुःख पाउंछ। यहां लज्जा र भयको प्रसङ्ग उठेको छ। बुद्धले भनेका छन्- मानिस जुन काम गर्दा लाज मान्नुपर्ने हो त्यहां लाज मान्दैन तर लाज नमान्नु पर्ने ठाउंमा लाज मान्छ। यही मिथ्यादृष्टिले गर्दा उसको दुर्गति हुन्छ (धम्मपद, ३१६)। लाज त अपराध गर्दा, दुराचार गर्दा, झूठो बोल्दा र यस्तै असत् कार्य गर्दा मान्नुपर्ने हो तर त्यस्ता कार्य मानिसले निर्लज्जतापूर्वक गर्छ तर जब ती दुष्कार्यको परिणाम भोग्ने वेला आउंछ अनि मात्र ऊ लाज मान्छ, आफूलाई अरुको दृष्टिवाट जोगाउन र दण्डसजायवाट वचाउन खोज्छ। झूठा साक्षीप्रमाणहरू जुटाएर निर्दोष वन्न खोज्छ। यस्तो प्रकृतिलाई बुद्धले मिथ्यादृष्टि भने। परिणाम भोग्ने वेलामा होइन पाप गर्ने वेलामा लाज मान्नुपर्छ भन्ने बुद्धको आशय हो।

त्यस्तै भयका बारेमा पनि बुद्धको भनाइ छ- नडराउनु पर्ने कुरामा डराउने र डराउनुपर्ने कुरामा नडराउने मिथ्यादृष्टिका कारण मानिस दुर्गतिमा (नरकमा) पुग्छ (धम्मपद, ३१७)। डर त जीवनको मौलिक तत्व चेतनाको दियो तृष्णाको सञ्जालले छोपिन्छ कि भनेर मान्नुपर्ने हो। डर त जीवनको मूल सम्पत्ति चरित्र नष्ट हुन्छ कि भनेर मान्नुपर्ने हो तर यी आधारभूत कुरामा प्रायः मानिस निर्भय रहेको देखिन्छ। अनि अरुले आलोचना गर्छन् कि अरुले इज्जत गर्दैनन् कि सामाजिक प्रतिष्ठा गुम्छ कि, दुनियाको दृष्टिमा निम्न देखिन्छु कि भन्ने कुरामा मानिस भयभीत देखिन्छ। यो उसको मिथ्या दृष्टि हो। चेतना र चरित्रको रक्षा राम्ररी गरिएको छ र स्वयं आफ्ना दृष्टिमा आफू ठीक छ भने दुनियासंग डराउनु पर्ने कुनै कारण रहंदैन किनभन आफूलाई हेर्ने आफ्नै दृष्टि जत्तिको प्रामाणिक अरुको दृष्टि हुंदैन।

जहांसम्म वस्तु र व्यक्तिलाई हेर्ने मानवीय दृष्टि छ त्यसका सम्वन्धमा पनि बुद्धको स्पष्ट धारणा के देखिन्छ भने वस्तु जस्तो छ त्यस्तै देख्नु सम्यक् दृष्टि हो। र आफूलाई जस्तो लाग्छ त्यस्तो देख्नु मिथ्या दृष्टि हो। मानिसका आ-आफ्ना धारणा, विचार, आग्रह तथा सिद्धान्तहरू हुन्छन् जसले गर्दा उसको मौलिक दृष्टि भ्रमित वन्न पुग्दछ, फलस्वरूप दोषपूर्ण कुरालाई निर्दोष र निर्दोषलाई दोषपूर्ण देख्न पुग्छन्। बुद्धका विचारमा यो मिथ्या दृष्टि हो। यसका कारण मानिस दुर्गतिमा अर्थात् नरकमा पुग्छ।' भने यसको विपरीत दोषलाई दोष नै र निर्दोषलाई निर्दोष नै देख्ने दृष्टि सम्यक् दृष्टि हो यस्तो दृष्टिले मानिसलाई सुगतिमा वा असल गतिमा पुऱ्याउंछ। यसरी बुद्धले असल वा सम्यक कर्मलाई सुखको कारक मानेको देखिन्छ भने कसल वा असत् कर्मलाई नरकको ढोका मानेका छन्। मानिसलाई नरकको ढोकातिर जानवाट जोगाएर निर्वाणको मार्गतिर अग्रसर गराउनु बुद्ध र उनको धर्मको मूल अभिप्राय रहेको देखिन्छ। ◊◊

बुद्धधर्मको प्रचार-प्रसारमा अथक परिश्रम गर्नुभएका धर्मशीला बुद्धविहारका संस्थापिका

# अनागारिका धर्मशीला

को २३औं पुण्य तिथिमा गुरुमाप्रति **हार्दिक श्रद्धाञ्जलि** अर्पण गर्दछौं ।

*साथै*

गुरुमाको स्मृतिमा स्थापित **धर्मशीला विद्धतवृत्ति-२०६६** बाट सम्मानित हुनुभएका विश्वशान्ति बौद्ध शिक्षालय वानेश्वर, काठमाडौंका **सुपरिवेक्षक भिक्षु निग्रोध**लाई हार्दिक बधाइ तथा शुभकामना ज्ञापन गर्दछौं ।

| | | |
|---|---|---|
| १. | शिरिष बज्राचार्य | नयाँबजार, पोखरा |
| २. | प्रशंसा बज्राचार्य | सिंहनाथटोल, पोखरा |
| ३. | बृष्टी शाक्य | तेर्सापट्टी, पोखरा |
| ४. | आयूष्मा गुभाजू | |
| ५. | जियो शाक्य | न्यूरोड, पोखरा |
| ६. | शिक्षा गुभाजू | |
| ७. | सदीक्षा गुभाजू | |
| ८. | प्रतिष्ठा बज्राचार्य | मोहरियाटोल, पोखरा |
| ९. | शिविषा बज्राचार्य | मोहरियाटोल, पोखरा |
| १०. | रोषनिका बज्राचार्य | पृथ्वीचोक, पोखरा |
| ११. | सुनैता ताम्राकार | भैरवटोल, पोखरा |
| १२. | सन्ध्या बज्राचार्य | मोहरियाटोल, पोखरा |
| १३. | दुर्गा बज्राचार्य | दीप, पोखरा |
| १४. | सुनैना बज्राचार्य | दीप, पोखरा |
| १५. | प्रतिष्ठा शाक्य | तेर्सापट्टी, पोखरा |
| १६. | अवन्तिका बज्राचार्य | दीप, पोखरा |
| १७. | सुप्रिया बज्राचार्य | दीप, पोखरा |
| १८. | सोनिया बज्राचार्य | दीप, पोखरा |
| १९. | रिकेशना बुद्धाचार्य | मोहरियाटोल, पोखरा |
| २०. | रिजेशना बुद्धाचार्य | मोहरियाटोल, पोखरा |
| २१. | सेलिना बुद्धाचार्य | मोहरियाटोल, पोखरा |
| २२. | रोमिका बुद्धाचार्य | मोहरियाटोल, पोखरा |

# बुद्ध दर्शन र नेपाल

- तिलक पराजुली

पूर्वीय सभ्यता, संस्कृति र इतिहासका ज्ञाता फ्रान्सिसी विद्वान सिलभाँलेभीले नेपालको इतिहासको अध्ययन पछि यो निश्कर्ष निकालेका छन् कि यहां बौद्धधर्म तथा इतिहासका बीच घनिष्ट सम्बन्ध छ। बौद्ध दर्शनले यहाँको सभ्यतामा पारेको प्रभावलाई बाहेक गर्ने हो भने नेपालको इतिहास अधुरो हुने मात्र होइन, यसको जगै वस्न सक्दैन भन्ने पनि उनको भनाइ रहेको छ। यतिमात्र होइन, अहिले हामीले काठमाडौं उपत्यका भनेर चिनेको ठाउँलाई नै पहिले नेपाल भनिन्थ्यो र यो ठाउँ चारैतिरबाट पहाडले घेरिएको र पानीले भरिएको एक तलाउ,जलासय थियो। संयोग हो, बौद्ध नेता महाबोधिसत्व मञ्जुश्रीको महाचीन-तिब्बत तर्फबाट केही सहयोगीहरुका साथ यहांआगमन भयो। पहाडलाई खनेर पानीको निकास बनाइयो, पानी बगेर खोलाको रुपमा गयो। उपत्यका उर्वर र मानिस वस्न लायक भयो र मानिसको बसोवास शुरुभयो। यसरी नेपाली सभ्यताको मेरुदण्डको जग पनि बसालियो। यो गौतम बुद्ध जन्मनु भन्दा शताब्दीयौं अगाडिको कुरा हो। हामी नेपालीले गौरव गर्ने कुरा हो कि एक बौद्ध नेताबाट बसोवास योग्य बनाई सभ्यता र समुन्नतिको सूत्रपात गरेको देशमा कालान्तरमा भगवान बुद्धको जन्म भयो जसले त्यसबेला धर्मका नाउँमा शोषण गर्नेसबै किसिमका पाखण्डि व्यवहारको विरोध गर्दै यहलोक र परलोक भन्ने अन्धविश्वास तथा अलौलिक चिन्तन र व्यवहाररुपी दुषित प्रथामाथि प्रहार गर्दै संसारमा रहेको दुःखको मूलकारण पत्तालगाई दुःखबाट निर्वाण हुने प्रबल उपाय सुझाउँदै भन्नु भयो -'सबै संस्कार अनित्यछन्। आफ्नो निर्वाणको लागि बिना प्रमाद प्रयत्नशील होउ। तिमी आफ्नो लागि आफै बत्ती बन, 'अत्तदीपा विहरथ' अर्काको सहारा नखोज।' (आचार्य नरेन्द्रदेवको बौद्ध धर्मदर्शन पृष्ठ११) यस्तो व्यक्तिलाई आफ्नो मुक्तिको कारक आफैलाई बनाई मानवमात्रमा रहेको उसको सार्वभौमशक्तिको उद्बोधन गराउने धर्म वा मार्गका प्रणेता भगवान बुद्धद्वारा प्रतिपादित दर्शनको प्रभाव परेको हाम्रो समाजको सामाजिक एकताको एउटा बलियो आधार बुद्धको जीवनीको मनन तथा उहांका उपदेशमा रहने हाम्रो निष्ठाले प्रदान गर्न सक्दछ।

बुद्ध भगवानले प्रतिपादन गर्नु भएको धर्मको दायरा यति फराकिलो, वैज्ञानिक र मानवतावादी छ कि उहांको जीवनकालमै राजा प्रसेनजीत, बिम्बिसार देखि गरीब उपाली नाउँ सम्मलाई, प्रकाण्ड विद्वान ब्राह्मणदेखि लिएर सुणित च्यामे तथा प्रकृति चण्डाल्नीलाई, जीवक डाक्टर देखि लिएर डाँकु अँगुलीमाल सम्मलाई धर्मदीक्षा दिनु भएको थियो। बौद्धसंघमा प्रवेश गर्न जातपातको कुनै तगारो तेर्स्याइएको थिएन। जाति पाति, छुत-अछुतको व्यवहार कट्टररुपमा चल्दै आएको बुद्धको समकालीन समाजमा यस्तो समतामूलक-मानवतावादी धर्मको प्रतिपादन गर्ने मात्र होइन आफ्नै जीवनकालमा सफलकार्यान्वयन गर्न सक्नु बुद्धको महानता हो। वृषल-सूत्र (सत्तनिपात)मा बुद्धले भनेका यी वाक्य आचार्य नरेन्द्रदेवले स-गौरव उल्लेख गरेका छन् - ' जन्मले कोही वृषल हुँदैन, जन्मले कोही ब्राह्मण हुँदैन कर्मले वृषल हुन्छ, कर्मले ब्राह्मण हुन्छ।' यसरी जन्मको आधारमा होइन आचारणको आधारमा मानिसको स्थान निर्धारण गर्ने बुद्धधर्म वैज्ञानिक र सर्वकालिन छ। भगवान बुद्ध कपिलवस्तु फर्कनु भएपछिको एउटा घटना बडो विशिष्ट र उल्लेख गर्न लायक छ। तथागतसंग उहांकी कान्छीआमा महाप्रजापति गौतमी लगायत केही स्त्रीहरुले प्रव्रज्या प्राप्त गरी बुद्धसंघमा प्रवेश हुने प्रार्थना स्वीकार गर्नुभएन। सघमा प्रवेश चाहाने स्त्रीहरु प्रव्रजित हुने दृढ निश्चयमा थिए।

गौतमीको यो निश्चयलाई वुझेर स्वामी आनन्दले भगवान समक्ष प्रश्नगर्छन 'नारीहरुलाई संघमा प्रवेश नदिनु के नारीजातिले निर्वाण प्राप्त गर्न सक्दैनन्' भन्ने तथागतको धारणा हो ?' यस्तो भेदभाव युक्त धारणा आफूमा नरहेको, नारीले पनि पुरुष सरह निर्वाण प्राप्त गर्न सक्ने आफ्नो धारणा व्यक्त गर्नुहुँदै केवल व्यवहारिक कारणले मात्र स्वीकृति नदिएको स्वीकार गर्दै नारीलाई पनि प्रव्रजित भएर संघमा प्रवेश गर्ने अनुज्ञा भगवानवाट प्राप्त हुन्छ। यस घटनालाई लिएर रजनिश 'ओशो' ले वुद्धले नारी र पुरुषवीच विभेद गरी नारी प्रति अन्याय गरेकोले आफूले अहिले पनि वुद्धका तर्फवाट महिलाका अगाडि माफि मागी रहनु परेको भनि अतिरजनापूर्ण अभिव्यक्ति दिएकाछन्, जुन तथ्य युक्त छैन। चण्डाल र च्यामेलाई समेत भेदभाव नगरी संघमा प्रवेश दिने वुद्धले नारीप्रति विभेद गर्नु पर्ने कारण छैन र विभेद गरेको कहिंकतै उल्लेख पनि छैन।

वुद्धदर्शनको मूल मियो भनेको मध्यम मार्ग हो। यो मार्ग कुनै ग्रन्थको विशद अध्ययनको आधारमा वुद्धले प्रतिपादन गरेको नभै आफ्नै जीवन अनुभवको आधारमा प्राप्त गरेको निचोड हो। ज्ञानको खोजीमा सिद्धार्थ गौतम वनलागेपछि अनेक प्रयोगहरु अपनाएको हामीले पाउंछौं। ज्ञानको खोजीमा सिद्धार्थ गौतम वनलागे पछि अनेक प्रयोगहरु अपनाएको हामीले पाउंछौं। ज्ञानकै प्राप्तका लागि नेरन्जरा नदीको तटमा वसेर गरेको ६ वर्ष सम्मको उग्रतपश्चर्याले कुनै परिणाम नदिए पछि सुजाताले दिएको भोजन ग्रहण गरी शारीरिक कष्ट कम गरेर पहिले गरेका तप आदि कामको उहाँले गम्भीर सिंहावलोकन गर्नु भयो। त्यसपछि वोधीवृक्षको मुनी उहाँले ध्यान गर्नु भयो र यो ध्यान मार्गवाटै उहाँले दिव्यज्ञान प्राप्त गर्नु भयो। सम्यकसंवोधि प्राप्त भयो। अतः यिनै प्रयोगको आधारमा जीवनलाई कष्टदिने मार्ग गलत हो र प्रमादयुक्त जीवन विताउने मार्ग पनि गलत हो भन्ने सिध्द हुन आयो। कुनै पनि किसिमको अतिवाद फलदायी हुदैन। मध्यममार्गले नै मानव जीवन र समाजलाई कल्याण गर्न सक्दछ। वुद्धले प्रतिपादन गर्नु भएका पंचशील प्राणीहिंसा नगर्ने, चोरी नगर्ने अर्थात अर्काको वस्तुलाई आफ्नो नवनाउने, व्यभिचार नगर्ने, भूठो नवोल्ने र नशालु चीज ग्रहण नगर्ने तथा अस्टाङ्गिक मार्ग सम्यक दृष्टि, सम्यकवाणी, सम्यक् कर्मान्त, सम्यक व्यायम, सम्यक स्मृति, सम्यक समाधि र सम्यक संकल्प नै मध्यममार्गी जीवनका आधारस्तम्भ हुन्। हाम्रो देशको राजनीतिक, आर्थिक तथा सामाजिक, सांस्कृतिक तथा धार्मिक क्षेत्रमा अहिले जुन विचलन, तरलता र अशान्ति विद्यमान छ। यी तमाम समस्यालाई वुद्धका यिनै शिक्षा र मार्गको आलोकमा समाधान खोज्ने हो भने हाम्रा सवै समस्या,चाहे ती जति सुकै जटिल किन नहुन्, हामीले समाधान गर्न सक्दछौं। वुद्धकै शिक्षाका आधारमा समावेशी, समतामूलक, सम्पन्न नेपाल वन्न सक्दछ। नयाँ संविधानको निर्माण वुद्ध दर्शनका आलोकमा वनाउन सकिन्छ। कुनै विदेशी मोडलको भरपर्नु पर्दैन। र, हाम्रा समस्या समाधान गराउन विदेशीसंग गुहार माग्नु पनि पर्ने छैन।

▲


श्रद्धेय अनागारिका धर्मशीला गुरुमाप्रति
हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं।
तथा
धर्मशीला विद्वतवृत्ति-२०६६ बाट सम्मानित
भिक्षु निग्रोध लाई
हार्दिक बधाइ ज्ञापन गरी शुभकामना
व्यक्त गर्दछौं।

सुखवती बौद्ध गुम्बा परिवार
गाईघाट, पोखरा-१

# जापानमा बौद्ध धर्मः अतीत र वर्तमान

- भूपनिधि पन्त

बौद्ध धर्मग्रन्थ अनुसार बुद्धको समय ई.पू ५६०-४८० मानिएको छ। पैंतीस वर्षको उमेरमा बुद्धले प्राप्त गरेको हुंदा बौद्ध धर्मको शुभारम्भ ई.पू ५२५ देखि भएको मानिन्छ। बुद्धत्व प्राप्त गरेपछि पैतालिस वर्षसम्म बुद्धले आफ्नो धर्मको विस्तारमा समय व्यतित गरेका थिए। यसरी धर्म विस्तारमा लाग्दा बुद्ध नेपाल र भारतका केही क्षेत्र बाहेक अन्यत्र गएको पाइदैन। बुद्धले निर्वाण प्राप्त गरेको दुईसय ६ वर्ष पछि ई.पू २७४ मा मौर्य वंशीय राजा अशोकको राज्यारोहण भएको थियो। ई पू २६२ मा सम्राट अशोकले दक्षिणी भारतको कलिंग देशमा विजय प्राप्त गरेका थिए। युद्ध मैलानमा जांदा नरसंहारको भीषण रक्तपात देखेर उनको मन अहिंसा तर्फ मोडियो। फलतः ई.पू २५८ मा उनले बौद्ध धर्म ग्रहण गरेर बौद्धभक्त प्रचार गर्न थाले। यसै सिलसिलामा उनले काश्मीर, गान्धार, बैक्ट्रिया, हिमालय प्रदेश, दक्षिण भारत, बर्मा (म्यानमार) आदि पूर्वी द्वीप समूह र सीरिया तथा मिश्र सम्म आफ्ना धर्म प्रचारकहरु पठाएको भारतीय इतिहासबाट अवगत हुन्छ। उत्तरतर्फ तिब्बतमा भने नेपालका शासक अंशुवर्माको समय ई.स ६०५ पछि नेपाली राजकुमारी भृकुटी (हरिततारा) ले र चीनकी राजकुमारी बेचिङ (श्वेततारा) ले बुद्ध धर्मको प्रवेश गराएको पाइन्छ। चीनमा तिब्बतमा भन्दा पहिला नै बुद्ध धर्मको प्रवेश भैसकेको हुंदा सम्भवतः अफगानिस्तान (गान्धार) र कश्मीरको उत्तरी भेक हुंदै बुद्ध धर्म प्रवेश गरेको अनुमान गर्न सकिन्छ। चीनबाट बुद्ध धर्म कोरिया पुगेको रहेछ। जापानमा ई.स.५५२ मा कोरियामाबाट बुद्ध धर्म प्रवेश गरेको इतिहास पाइन्छ।

जापानमा बुद्ध धर्मको प्रवेश गराउने श्रेय एकजना कोरियन रजौटालाई दिइएको छ। सन् ५५२ मा कोरियन रजौटा आफ्ना शत्रुको विरुद्ध लड्न जापानको यामातो दरबारसित सैनिक सहायताको निम्ति गएका थिए। यसरी जापानको दरबारमा जांदा उनले सौगात स्वरुप बुद्धको एउटा मूर्ति, केहि धार्मिक ध्वजा पताका र केही बौद्धग्रन्थहरु उपहार लगेको जापानी राजाले उक्त उपहारका बारेमा प्रश्न गर्दा कोरियन रजौटाले गुरु रहस्य त आफुले पनि नबुझेको तर संसारका सबै धर्म मध्ये यो नै सबै भन्दा श्रेष्ठ धर्म हो भन्ने आफुले बुझेको बताउका थिए भनिएको छ। यसपछि जापानी राजाले आफ्ना मन्त्रीहरुसंग सल्लाह लिदा 'सोगा' नामक भारादारले उपहार स्वीकार गर्न सिफारिस गरेका र 'मोनोनोबे' र 'नाकातोमी' भारादारले राष्ट्रिय देवताको सट्टा विदेशी देवताको पूजा गर्ने हो भने राष्ट्रिय देवता क्रोधित हुनेछन् भनेर विरोध जनाएछन्। राजाले मध्यम मार्ग अपनाएर 'सोगा' मार्फत बुद्धको मूर्ति प्रदान गरेर गोप्य रुपमा पूजा गर्नु भनेकोमा केही दिन भित्रै उक्त ठाउँमा महामारी फैलिएर धेरै मानिसहरु मरेपछि राजा विरोधी पक्षहरुसंग लागेका हुंदा अधिकृतहरुले बुद्धमूर्तिलाई नालामा फालिदिएर मूर्ति प्रतिष्ठापित भवनमा आगो लगाई दिएको ऐतिहासिक तथ्य पाइन्छ। यस विषयमा सोगा र मोनोनोबेहरुका बीच विवाद चल्दै सन् ५८७ सम्म पुगेपछि सोगा पक्षको विजय र मोनोनोबे पक्षको हार भएपछि जापानमा विधिवत बुद्धधर्मको स्थापना गरिएको प्रमाण प्रमाण प्राप्त भएको छ।

जापानमा धार्मिक पद्धतिको रुपमा प्रागएतिहासिक कालदेखि चल्दै आएको धर्म, शिन्तो धर्म हो। शिन्तो धर्मका देवताको नाम 'कामि' हो। सामान्यतः 'कामि' देवता र पितृका प्रतिक रुपम हुन्। शिन्तो धर्मका पुनरुन्थापक विद्वान 'मोतोओरि नोरिनागा'ले निर्धारित गरेको 'कामि' शब्दको परिभाषा यस्तो छ -

"कामि" शब्दले सामान्य अर्थमा शास्त्रहरुमा देखापर्ने स्वर्ग र पृथ्वीका सम्पूर्ण दिव्य जीवात्माहरुलाई जनाउंछ। विशेष रुपले 'कामि' पूजास्थलमा रहने र पूजिने आत्माहरु हुन्। सैद्धान्तिक रुपले मनुष्य, पक्षी, पशु, वृक्ष, बिरुवा, पर्वत, महासागर सबै 'कामि' हुनसक्छन्।"

शिन्तो धर्ममा 'कामि' भनेका कुनै प्रकारका मूर्ति होइनन् । वरु यसलाई उधौली उभौलीको प्रतिका मानिने प्राकृतिक वस्तुहरुको पूजा मात्र सकिन्छ । जापानमा वुद्ध धर्मको प्रवेश हुंदा जापानीहरुले आफ्नो राष्ट्रिय धर्म भनेको यही शिन्तो धर्म हो । यामातो दरवारका भारादार 'सोगा' पक्ष र 'मोनोनोवे' पक्षका खिचातानीले गर्दा सन् ५५२ देखि ५८७ सम्म पैतिस वर्ष जापानमा वुद्ध धर्म विवादस्पद रुपमा रहेपनि विद्वानहरु धर्म र शिन्तो धर्म दुवैको सह-अस्तित्वको खोजिमा थिए । यसै वीच राजकुमार 'शौतोकु' (इ.सं. ५७४-६२२) ले वुद्ध धर्ममा आफ्नो समर्थन जनाएर विवादको निपटारा लगाउन प्रयत्न गरे । उनले वौद्ध मन्दिरको निर्माण गरेका थिए, जुन मन्दिर होरयुजि मन्दिरको नामले जापानमा सवैभन्दा पुरानो मन्दिरको रुपमा प्रसिद्ध मानिन्छ । जापानमा वौद्ध धर्मलाई स्वीकार गरेर यसमा प्रतिवुद्ध हुने पहिलो व्यक्तिहरु शाही परिवार र कुलीन व्यक्तिहरु नै थिए । त्यसैले वौद्ध धर्म समाजको माथिल्लो तहवाट तल्लो तहतिर उन्मुख हुँदै विस्तारीत हुन थाल्यो । साथै वुद्ध धर्मका प्रमुख विचारधाराको खोजि हुनथाल्यो । वुद्धका विराट कास्य मूर्तिहरु ढालेर त्यसलाई मन्दिरमा स्थापना गर्न थाल्यो । वौद्धधर्म अध्ययनका केन्द्रहरु स्थापना गरेर वौद्ध दर्शनको अभ्यास गरिन थाल्यो । यसरी जापानमा वुद्ध धर्मले महत्वपूर्ण स्थान प्राप्त गरेको थियो ।

जापानमा वुद्ध धर्मको विस्तारीत हुनथालेपछि त्यहाँका शासक तथा धर्मगरुहरुले वुद्ध धर्मका प्रमुख विषयहरुमा विश्लेषण गरेर छलफल र चिन्तन गर्न थाले । नारा युगमा थेरवाद र महायानी परम्पराका प्रमुख धाराहरुमा वौद्ध गुरुहरुलाई अनुसन्धान गर्न छुट दिइयो । कामाकुरा अवधि (ई.११८५-१३३३) अन्तर्गतका महत्वपूर्ण व्यक्ति होनेनले समस्त वौद्ध धर्मलाई दुई श्रेणीमा विभाजन गरे-एउटाको अन्तर्गत मानिसहरु शील पालन गरी आफ्नै प्रयासद्वारा सम्वोधिलाभ गर्न खोज्छन् तथा अर्को अन्तर्गत उनिहरु अभिदा वुद्धको करुणाप्राप्त गरेर परमार्थ सत्यतासित एकात्मक हुने आध्यात्मिक अवस्था विशुद्ध भूमिमा पुनर्जन्म लिन चाहान्छन् । तेह्रौं शताव्दीको वौद्ध आन्दोलनका प्रणेता निचिरेनले समाज सुधारका विषयमा वौद्ध धर्मका वारेमा प्रश्न उठाए । वीसौं शताव्दीमा देखापरेका वौद्ध मूलका नयाँ धार्मिक अभियानका रेयुकाइ, रिश्शो कोसेइकाइ र सोका गाक्काइ जस्ता शक्तिशाली संगठनहरुको स्थापना गरिएको थियो । उक्तसगठनहरुको मूल उद्देश्य समाजसुधार संग सम्वन्ध रहेको छ ।

जापानमा वौद्ध धर्मको प्रवेश भएदेखि यता पन्ध्रसय वर्ष भित्र यसले जापानी जीवनमा विशेष परिवर्तनहरु ल्याइदिएको मात्र नभई स्वयम् आफै पनि परिवर्तित हुन पुग्यो । आदिम वौद्ध धर्म यो लोक भन्दा परलोकको धर्म थियो । महायान वौद्ध धर्ममा वहु-धर्मवादी समाजका धेरै परम्पराहरु मध्ये एउटा मात्र रहेको छ । कर्मकाण्ड र मन्त्रतन्त्रात्मक प्रार्थना गर्ने जस्ता परम्परागत संस्कार भैसकेको मन्दिरले गर्ने काम प्रति प्रवुद्ध धर्मनिरक्षेप परिस्थितिमा हुर्केका मानिसहरुको आकर्षण घट्दै गएको देखिन्छ । आधुनिक युगको शुरुआतदेखि उल्लेखनिय प्रगति गरिसकेको अर्को क्षेत्र वौद्ध धर्मको विद्वतापूर्ण अन्वेषण गर्ने क्षेत्र हो । तर यस्तो प्राज्ञिक अध्ययनले वौद्ध संगठनका व्यवहारिक गतिविधिमा कुनै प्रकारको प्रभाव पार्न सक्दैन ।

जापानका वौद्ध धर्मका सम्प्रयाद धेरै संख्यामा पाइन्छन् । यस्ता वौद्ध सम्प्रदायहरु आ-आफ्ना वौद्ध गुरुले स्थापना गरेका मठ-मन्दिरहरुको संरक्षण, संवर्धन र विकास निर्माण जस्ता कार्यमा सम्वन्ध राख्दछन् । साथै आफ्ना सम्प्रदायको विचार र सिद्धान्तलाई प्रचार प्रसार गरेर जनमानसमा प्रभाव पार्ने प्रयत्न गर्दछन् । यस्ता सम्प्रदायहरु विषयगत भिन्नताको दृष्टिले सात समुहमा विभाजन गरिएका छन् । राज्यले वौद्ध धर्मप्रति उदासिनता देखाउन थालेपछि यस्ता सम्प्रदायको विकास हुन थालेको छ । यस्ता सम्प्रदायको विस्तार जापान भन्दा वाहिर पनि हुन थालेका छन् । जापानीहरु वुद्धधर्मलाई ज्ञान र विज्ञान दुवै दृष्टिले हेर्ने गर्दछन् ।

**सन्दर्भ ग्रन्थ**


१ जापानको इतिहास- मेसन र काइगर
२ जापानी धर्म एक सर्वेक्षण- सांस्कृतिक मामिला निकाय
३. भारत वर्षका नवीन इतिहास
४. प्राचीनकालको नेपाल - वावुराम आचार्य


▲

# त्यसबेला बुद्ध धर्मको आकर्षण

- विमलश्री

बुद्धकालीन अवस्थामा नेपालको पहाडी क्षेत्रमा जनजाति आदिवासीहरुका राज्य थिए। स-साना भू-भागमा राज्य गरी बसेका जनजाति आदिवासीहरुले अन्यत्रका आदिवासी जनजातिहरुले जस्तै गरेर प्रकृति पूजा गर्ने गर्दथे। त्यसबेला यस भेकमा कुनै ठोस सिद्धान्त र आदर्शमा आधारित धर्म दर्शन थिएन। जनजाति आदिवासीहरुको निश्चयनै आफ्नो परम्परा, भाषा, भेषभूषा र संस्कृति थिए। ती भाषा, भेषभूषा र संस्कृति मौलिक थिए। तिनीहरुमा वाह्य कतैको प्रभाव थिएन। त्यसरी रहेका जनजाति आदिवासीहरुले पहिलो पटक साक्षात्कार गरेको धर्म वुद्ध धर्म हो। पहिलो पटक त्यति सरल र सुवोध धर्म पाएर उनीहरु पनि कृतार्थ भएका थिए। त्यसवेला ती जनजाति आदिवासीहरुले कपिलवस्तु र देवदहबाट वुद्ध धर्ममात्र पाएका होइनन्। धर्मको साथमा उनीहरुले ती ठाउँ र ती ठाउँका मानिसहरुवाट धान फलाउने प्रविधि पनि पाए।। खेतमा धान फलाउन पाएपछि उनीहरुको समृद्धि पनि वढ्यो। उनीहरुमा वढेको समृद्धि वुद्ध धर्म फैलाउन पनि सहयोगी सिद्ध भयो। आजपनि जनजाति आदिवासीहरुमा वुद्ध धर्मको छाप प्रशस्त भेटिन्छन्। त्यही कुरा महसुस गरेर धेरै जनजाति आदिवासीहरु वौद्ध धर्मावलम्वी भएकाछन्।

कपिलवस्तु र देवदहवाट उत्तरतिर फैलिदै गएको वुद्धधर्म र धानखेतीले काठमाडौं उपत्यकामा पुगेर धेरै मौलाउने अवस्था पाए। काठमाडौंका मानिसहरुले वुद्धधर्मलाई यसरी अपनाएकी जस्तोसुकै विपरीत परिस्थितिमा पनि उनीहरुले कुनै न कुनै रुपमा यसलाई सुरक्षित र संरक्षित गरी नै रहे। विडूड्मको हमलावाट कपिलवस्तुको पतनभएपछि ठूलो संख्यामा शाक्यहरु काठमाडौं पुगे। त्यसरी शाक्यहरु काठमाडौं पुगेपछि एकातिर वुद्धधर्मको प्रचार प्रसारमा व्यापकता आयोभने उता धानखेतीपनि ठूलो क्षेत्रमा फैलिए। जसको परिणाम काठमाडौंवासीको जीवनयापनमा परिवर्तन आयो, संवृद्धि वढ्यो र विकास भयो।

खेतीपातीको काममा प्रगतिभएपछि मानिसहरुको ध्यान नयाँ नयाँ काम र इलमतिर गयो। कलाकौशलको विकास भयो। मानिसहरुको प्रतिभा प्रस्फुटन भयो। यो क्रम किरांतकालदेखि वढ्दै गयो। लिच्छवीकालमा खुव फस्टायो। त्यसैले लिच्छवीकाललाई नेपालको स्वर्णयुग पनि भनिन्छ। इतिहासको समायोजन गर्दा हामी शाक्यमुनि वुद्धको समकालीनका रुपमा किरांती राजा जितेदास्तीलाई पाउँछौं। त्यसैवेला भिक्षु आनन्द काठमाडौं आएका, काठमाडौंका चिसोले उनको हात खुट्टा फुटेको, उनको अवस्था देखेर वुद्धले त्यस्तो चिसो ठाउँमा भिक्षुहरुले जुत्ता लगाउन हुने नियम वनाएको वौद्ध शास्त्रहरुमा उल्लेख छ। त्यसवेलादेखि फैलिदै गएको वुद्धधर्म, सम्राट अशोकको पालामा अरु फष्टाएको थियो। अशोकका धर्मदूतका रुपमा भिक्षु मध्येम थेराको नेतृत्वमा एक टोली आएको टोलीले वुद्ध धर्म प्रचार नभएको ठाउँमा प्रचार गरेको, र प्रचार भएको ठाउँमा त्यसलाई अरु सुदृढ र सगठित पारेको थियो। सम्राट अशोक आफै काठमाडौं उपत्यका आएको, उनले ललितपुरमा चारवटा र कीर्तिपुरमा एकवटा चैत्य वनाएको आफ्नी छोरी चारुमतिको विवाह यहीका राजकुमार देवपालसँग गरि दिएका, चारुमतीले चारुमती विहार वनाएका र त्यही चारुमतीवाट त्यसठाउँको नाम चावहिल रहन गएको थियो।

त्यसपछि क्रमशः वुद्धधर्म फैलिदै गएको हो। त्यसवेला वुद्धधर्म आउनु भनेको त्यसको साथमा

प्रविधि र कला कौशल पनि आउनु हो भनेर जनताले बुझ्दथे । आफ्नो भएको भाषा, संस्कृति आदिलाइ नोक्सान नपुऱ्याइ आएको धर्म मान्नु कसैलाई पनि आपत्ति भएन । फेरि वुद्ध धर्म शान्ति, सद्भाव, सहिष्णुता र अहिंसामा आधारित भएकोले यसले समाजमा सद्भाव र मैत्रीभाव फैलाउन पनि उत्तिकै योगदान पुऱ्यायो । मानिसहरु शील र सदाचारयुक्त जीवन यापन गरेर धर्मको माथिल्लो खुड्किलो पार गर्दै गएकाले त्यसवाट अरु धेरै लोभिए पनि । वुद्धधर्म एक ठाउंवारे अर्को ठाउंमा पुग्यो । नयाँ नयाँ र सुदुर ठाउंहरुमा पनि पुग्यो । आज हामी मनाङ मुस्ताङ जस्तो ठाउँमा १२००/ १५०० वर्ष पुरानो वौद्ध स्मारक गुम्वाहरु पाउँछौं । कहिकतै त २००० वर्ष पुरानो गुम्वा भएको पनि रेकर्ड देखिएको छ । त्यसवेला वुद्ध धर्मको प्रभाव नै अर्कै थियो ।

❁❁❁

श्रद्धेय अनागारिका धर्मशीला
गुरुमाप्रति हार्दिक श्रद्धाञ्जलि
अर्पण गर्दछौं ।
तथा
धर्मशीला विद्वत्वृत्ति-२०६६ बाट
सम्मानित भिक्षु निग्रोध लाई
हार्दिक बधाइ ज्ञापन गरी शुभकामना
व्यक्त गर्दछौं ।

फोटो सन्देश
नदीपुर चौर, पोखरा-३
फोन: ०६१-५४०५५२

# Where the Buddha

*- Bhikshu Sanghrakshit "Saddhamma Kovid"*

Buddha: means wisdom
Buddha: means enlightenment
It was never end
Never end from this world
It was because
You can be Buddha
I can be Buddha
And
They can be Buddha
Yes, of course
Every creature can be Buddha
Buddha said it himself
No doubt.

In no doubt
Where the Buddha will be attend
Peaceful situation will be there
Pleasure gladness cheerfulness
Joy delight will be there
All over there place
Happiness and only happiness will be there
People can be alive spiritually
Its authenticity and reality
No doubt.

Currently
In this present situation
People are not living religiously
Not fine
Not breathing courageous
Furthermore
Peacefully quietly serenely
No anywhere
No any place
Consequently that
We have to articulate that
Is there really the Buddha?
Actually
Is there in fact in truth the Buddha?
If yes
Subsequently
All are asking only one question
Where?
Where the Buddha was ??

Wondershare PDFelement

Wondershare PDFelement

### Curriculum Vitae

# Bhiskshu Nigrodha



**Name** : BHISKHU NIGRODHA

**Date of Birth** : June 17th 1976

**Nationality** : Nepalese

**Father's Name** : Mr. Mahila Maharjan

**Mother's Name** : Mrs. Bala Maharjan

**Permanent Address** : Vishwa Shanti Vihar, Meen Bhawan,
Kathmandu-34, Nepal
P.O.Box-9873 NPC 327

**Email** : vishwa@ntc.net.np, nigrodha@gmail.com

**Shramanera Ordination** : **12th June 1990**

*Preceptor (Upadhyayacharya) :*
*Bhikshu Buddhaghosha Mahasthavira*

*Preceptor (Nissayacharya) :*
*Bhikshu Jnanapurnik Mahasthavira*

*Place of Ordination :*
*Manimandap Vihar, Patan*

**Higher Ordination as Bhikhuhood** : **1st June 1997**

*Preceptor :*
*Sayadaw U Panditabhivamsa Mahather (Myanmar)*

*Place of Ordination :*
*Panditarama, Yangon (Myanmar)*

*Catupaccaya Dayaku* : *U Tin Oo, Daw Kyin Aye (Myanmar)*

**Profession** : Thevada Buddhsit Monk

**Main Fields Specialisation** : (a) Sociology/Anthropology
(b) Asst. Supervisor in Buddhist School
(c) Administration
(d) Sub Editor or Buddhist Monthly Magazine

**Academic Qualification** : MA in Sociology/Anthropology from Tribhuvan University, Nepal

: BA in Culture Tourism and Newari from Tribhuvan University, Nepal 2001

: Buddhist Pariyatee Studies Primary, Nepal Bauddha Pariyatee Education

Buddhist Pail Studies Secondary Maha Vishudharama, Yangon (Myanmar)

**Work experience**

**Incharge of Center** : Veluvanarama Pariyattee Center, Nepal

**Secretary** : Vishwa Shanti Vihar Conservation Committee, Kathmandu

**Secretary** : Buddha Vihar- Bhrikutimandapa

**Secretary** : Sukhi Hotu Nepal (Buddhist Youth Team of Nepal)

**Supervisor** : The World Peace Buddhist School, New Baneswar

**General Secretary** : TheHigherOrdinationGoldenJubileeCelebration of Ven. Bhiskkhu Janapurnik Mahathero

**Management Coordinator/ Ex-sub Editor** : The Ananda Bhumi: (The First Buddhist Montly Magazine of Nepal)

**Editor** : (a) "The Shanti-Sandesh" Buddhist Journal, Nepal

(b) "Shanti Ban" Souvenir, Pugata Bhumi Souvenir

**Principal** : Siddhartha Shishu Nitetan, (Primary School)

**Voluntary Service** : (a) Contribute service as a Teacher. Community Development and Social Service in Southern Village of Lalitpur District.

# पोखराको विश्वशान्ति स्तूप:
# निर्माणदेखि पुन: निर्माणको शुरूसम्म

- तिलकमान गुभाजु

इतिहासको क्रममा ३० /४० वर्षको अवधि कुनै ठूलो कुरा होइन। इतिहासका विद्यार्थीहरूले ३०/४० वर्षमा के कै परिवर्तन हुन्छ र भनेर त्यो अवधिको सजिलै आकलन गर्न सक्दछन्, मूल्याङ्कन गर्न सक्दछन्। त्यो उनीहरूको विशेषता हो। तर त्यो विशेषता सबैमा हुँदैन र सबै ठाउँमा सायद लागु पनि हुँदैन। सर्वसाधारणका लागि कहीलकै त्यो अवधि पनि ठूलो कुरा हुन्छ, लामो हुन्छ। जहाँसम्म इतिहास मेटाउने र बनाउने कुरा हुन्छ, भौतिक संरचना नष्ट गर्ने र बनाउने कुरा हुन्छ, त्यस्तो बेलामा त्यस अवधिमा धेरै परिवर्तन हुनसक्छ, परिवर्तन देखिन सक्छ। कास्की जिल्लाको पुम्दीभुम्दी गा.वि.स.को अनदु मीनधुम्कीमा पनि त्यस्तै परिवर्तन भएको छ। आमूल परिवर्तन भएको छ। त्यहाँ अवस्थित विश्वशान्ति स्तूपले पनि त्यही देखाएको छ। इतिहास मेटाउन खोजेर मेटिँदैन भन्ने कुरा पनि देखाएको छ। सूर्यलाई हत्केलाले छेक्न सक्दैन भन्ने कुरा पनि प्रस्ट पारेको छ।

त्यसबेलाको सिंगो प्रशासन, सरकार र पर्दाभित्र खेल खेल्न पल्केकाहरूले त्यस्तै प्रयास गरेका थिए। उनीहरुले विकासलाई रोक्ने प्रयास गरे। इतिहासलाई उल्टो फर्काउने प्रयास गरे। तत्कालका लागि केही हदतक उनीहरूको प्रयास सफल पनि भयो। उनीहरूले सन्तोषको श्वास पनि फेरे होलान्, गर्व पनि गरे होलान्। तर त्यो स्थिति लामो समय टिकेन। 'पाप धुरीबाट कराउँछ' भन्ने उखान चरितार्थ गर्दै प्रत्यक्ष/अप्रत्यक्ष राष्ट्रिय, स्थानीय स्तरमा धेरै परिवर्तन आउन थाले र परिवर्तन सकारात्मक देखिन थाले। निर्विकल्प भनिएको व्यवस्थाको विकल्प देखियो। जनताको स्वतन्त्रता र अधिकार दबाएर राखेका उनीहरूको मुट्ठी बिस्तारै फुस्किँदै गयो। एकपछि अर्को उनीहरूको पतन भयो। पञ्चायती व्यवस्थाको अन्त भयो। हुँदाहुँदै राजतन्त्र गयो। गणतन्त्र आयो। हिन्दू अधिराज्यको अवधारणा सेलाउँदै गयो। देश धर्मनिरपेक्ष भयो। अनदु मीनधुम्कीमा फेरि विश्वशान्ति स्तूपको पुन: निर्माण भयो। एउटा कायापलट भयो। त्यस ठाउँमा ठूलो ऐतिहासिक परिवर्तन भयो।

पोखराको विश्वशान्ति स्तूप विशेष इतिहास बोकेको एउटा यस्तो स्मारक हो, जुन बौद्धहरूका लागि एउटा शिक्षा हो, उदाहरण हो र महान गौरवको विषय हो। जस्तोसुकै मार आएपनि जतिसुकै ठूलो बज्रपात भएपनि सहनुपर्दछ, धैर्य गर्नुपर्दछ र सत्य र धर्मको लागि निरन्तर प्रयास गर्नुपर्दछ भन्ने यसले सिकाएको छ। सबै एकताबद्ध भएमा, निरन्तर प्रयास गरिएमा अथवा साधनारत रहेमा अवश्य सत्य हात पर्दछ, लक्ष्य प्राप्त हुन्छ र सफल हुन्छ भन्ने व्यवहारिक शिक्षा स्तूपले दिएको छ। यस सम्बन्धी इतिहासरूपी शिक्षालाई संक्षिप्तमा यहाँ उतार्ने जमर्को गरिएको छ।

वास्तवमा पोखराको विश्वशान्ति स्तूप शान्तिको प्रतीक हो। यसले शान्ति सन्देश सम्प्रेषण गरिरहेको छ। त्यहाँ दर्शन अवलोकनका लागि पुग्ने जो कोहीले पनि असीम आनन्दको अनुभूत गर्न सक्दछन्। यो स्तूप बौद्ध एकताको प्रतीक पनि हो। बौद्धहरूबीचको सम्प्रदाय, स्थानीय र क्षेत्रगत भावनालाई त्यागेर तथा सबै मिलेकाले सबैको एकता र सद्भावले यसको पुनर्निमाण भएको छ। त्यसैले यो सबैको भएको छ, साझा भएको छ र एकताका प्रतीक भएको छ।

रमणीय डाँडाको थुम्कीमा अवस्थित यो स्तूपको पर्यटकीय दृष्टिले पनि उत्तिकै महत्त्वको छ। दिनहुँ ठूलो संख्यामा पर्यटकहरू यहाँ आउने गर्दछन्, सूर्योदय हेर्ने गर्दछन् र श्वेत हिमश्रृङ्खला, पोखरा उपत्यका, हरिया रमणीय डाँडाकाँडा, नदीनाला लगायत मनमोहक फेवातालको एकसाथ दृश्यावलोकन गरी असीम आनन्दको अनुभूत गर्दछन्। शान्तिको श्वास फेर्दछन् र यस्तो महत्त्वपूर्ण ठाउँमा आउन पाएकामा

धन्य सम्झन्छन् ।

यो विश्वशान्ति स्तूप २०३० सालमा नै बनाउन थालिएको हो । विश्वभर १०० वटा विश्वशान्ति स्तूप बनाउने महान अभियान अन्तर्गत जापानको निप्पोनजान म्योहोजीका भिक्षु निचिदात्सु फुजी बुद्धको देश नेपालमा विश्वशान्ति स्तूप बनाउने विचार लिएर २०२९ मा पोखरा आउनुभएको थियो । पोखरा आउनुपूर्व उहाँले भगवान बुद्धको जन्मस्थल लुम्बिनी र काठमाडौंको स्यूचाटारमा स्तूप बनाउने प्रयास गर्नुभएको थियो । ती ठाउँमा स्तूप बनाउन नपाएपछि उहाँ पोखरा आउनुभएको कुरा उहाँलाई निमन्त्रणा गरी ल्याउने नेपाल जापान बौद्ध संघका अध्यक्ष काठमाडौं निवासी प्रेमबहादुर शाक्यले बताउनुभएको थियो ।[1] अध्यक्ष शाक्यले भिक्षु फुजीसँग अनागारिका धर्मशीलाको परिचय गराउनुभएको थियो भने अनागारिका धर्मशीला मार्फत पूर्वमन्त्री मीनबहादुर गुरुङ र भिक्षु फुजीको सम्पर्क र सम्बन्ध स्थापना भएको थियो । भिक्षु फुजी पोखराको सौन्दर्य देखेर लोभिनुभयो । एकदुई महिना यहीं बस्ने विचार गर्नुभयो । पूर्वमन्त्री गुरुङले उहाँको बसोबासका लागि आफ्नी बहिनी लेप्टन्नी काशी गुरुङको पार्दी बिरौटा, ड्यामसाइडको खाली घर बन्दोबस्त गरिदिनुभयो । त्यसैबेला भिक्षु श्रद्धानन्द (त्यसबेला रत्नकुमार कायस्थ) र यस पंक्तिका लेखकले जापानी भिक्षुहरू शान्तिसुगे र भिक्षु मोरियोकालाई स्तूप बनाउन योग्य जग्गाको खोजीमा पोखराका विभिन्न ठाउँको अवलोकन गराएको थियो । त्यसरी देखाइएको ठाउँमध्ये मन्त्री गुरुङको अनदुको थुम्की सबभन्दा उपयुक्त ठानियो र फुजी गुरु, धर्मशीला गुरुमा र मन्त्री गुरुङ लगायतका बीच त्यसबारे विचार विमर्श भयो ।

विचार विमर्शको क्रममा पूर्वमन्त्री गुरुङले आफूलाई पनि आफ्ना दिवंगत आमा-बाबुको स्मरणमा बौद्ध मन्दिर बनाउने विचार भएको बताउनुभयो । त्यो सुनेपछि फुजी गुरुले स्तूप अलि ठूलो बनाउ त्यसको लागि प्राविधिक लगायतको सहयोग दिने आश्वासन दिनुभयो । फलतः विश्वशान्ति स्तूप बनाउने कार्य बौद्ध विधिपूर्वक २०३० भाद्र २७ गते पूर्णिमाको दिन शुभारम्भ गरियो ।

त्यहाँ ६०'x२३'x१५' को एउटा प्रार्थना हल निर्माण गरियो । जसमा ललितपुरमा निर्मित ढलोटको पूर्ण कदको सिद्धार्थको जन्ममूर्ति ल्याएर २०३० मंसिर १३ गते स्थापना गरियो । मूर्ति स्थापना गरिएपछि गाउँमा ठूलो उत्साह र उमङ्ग आयो । श्रमदान गर्नेहरू समूह-समूह गरी आउन थाले । स्थानीय मात्र होइनन्, तानसेन, बुटवल, त्रिशुली, काठमाडौं लगायतका उपासक, उपासिकाहरू पनि आउँदै श्रमदान गर्न थाले । काममा तीव्रता आयो । सो कार्यको जताततै चर्चा भयो । प्रशंसा भयो । सरकारका उच्च अधिकृतहरू पनि हेर्न आउन थाले । बन सहायक मन्त्री बहादुर सिंह एतवाल आफैंले अवलोकन गरी भिजिटरबुकमा त्यहाँ भएका कार्यको प्रशंसा समेत गर्नुभएको थियो ।[४] विदेशीहरू पनि त्यहाँ पुग्दथे र नेपालीहरूका साथ रमाएर श्रमदान गर्दथे । उनीहरूमध्ये केहीले "यति द्रुतगतिले काम गर्ने जनता भएको यो देश विकासमा किन पछि परेका होलान्" भनेर समेत टिप्पणी गर्ने गर्दथे ।

शान्तिस्तूपमा भैरहेको कार्यबाट सबै खुशी देखिन्थे, प्रसन्न देखिन्थे । कामको लागि जनतामा अनुकूल वातावरण सिर्जना भएको थियो । धार्मिक भावना बढिरहेको थियो । बुद्धधर्मको प्रभाव राम्ररी परिरहेको थियो । त्यसबीच गुरुका लागि एउटा घर र पाहुनाहरू बस्नका लागि अर्को एउटा घर पनि पूरा भैसकेको थियो । त्यसपछि सबै ध्यान शान्तिस्तूपको निर्माण पूरा गराउनेतिर लागिरहेको बेलामा एउटा वज्रपात भयो । स्तूपमाथि मार आयो । स्तूप निर्माण कार्यमा लागिरहनुभएका पूर्वमन्त्री मीनबहादुर गुरुङलाई प्रशासनले शान्तिसुरक्षा ऐन लगाएर २०३१ श्रावण ४ गते पक्राउ गरी १८ महिना जेलमा थुनियो । थुन्नुको कारण राजनीति भन्ने हल्ला चलाइयो, तर त्यसबेला राजनीतिमा नलागेका उहाँको छोरा कृष्णबहादुर गुरुङलाई पनि थुनियो ।

बाहिर अनेक हल्ला चल्यो । सरकारले शान्तिस्तूप भत्काउन लागेको हल्ला बजारभरि फैलाइयो । कांग्रेसका नेता मन्त्री गुरुङले बनाएकाले भत्काउन लागेको अफवाह फैलाइयो । त्यसबेलाको प्रशासनलाई कांग्रेस शब्दले पनि एलर्जी हुन्थ्यो, सहन सक्दैनथ्यो । मन्त्री गुरुङमाथि बन मासेको अभियोग

लगाइयो । वन मासेको कारणले स्तूप कार्य रोक्नुपर्ने कुरा ल्याइयो । "हिन्दूको वाराही मन्दिर तल फेवातालमा, तर वुद्धको मन्दिर माथि डांडामा" भन्ने अनावश्यक धार्मिक भेदभावको हल्ला पनि गरियो । फेरि राजभक्त र पञ्चायतभक्तहरूलाई "डांडामाथिको स्तूपवाट राजाको रत्नमन्दिर खतरा भएको" भन्ने अनर्गल तर्क पनि गरियो । पोखरामा भयभित वातावरणको सिर्जना गरियो । भित्र कतै पृष्ठभूमिमा वस्नेहरूको लागि किन हो शान्तिस्तूप सह्य भएन र कुनैपनि हालतमा भत्काउनुपर्ने निर्णय गरियो । अनि वाहिर भत्काउनको लागि कारणको खोजी गरियो । माथिका सवै प्रचारवाजी भत्काउने कारणको खोजीमा गरिएका अभ्यास हुन् ।

यस पंक्तिका लेखकलाई पनि प्रशासनका पक्षधरहरूले केही उदारता देखाए झैं गरी बौद्धहरूले मीनवहादुरलाई अघि सारेर बनाउन नहुने भन्ने सुनाउने गरेका थिए । त्यसरी सम्झाउन खोज्नेहरूका साम् एउटा प्रश्न राख्ने गरिएको थियो । त्यो प्रश्न थियो- पोखरामा त कांग्रेसको आरोप लगाइयो, तर यहाँ आउनुपूर्व लुम्विनी र काठमाडौंमा पञ्चायती व्यवस्थाका पक्षधर मानिनुहुने र त्यसवेला मन्त्री समेत भएका प्रेमवहादुर शाक्यको अग्रसरतामा स्तूप वनाउने कार्य गरिएको थियो, त्यहाँ किन रोकियो ? किन वनाउन दिइएन ?

यस्ता प्रश्नहरूको जवाफ प्रशासन र उसका पक्षधरसँग थिएन । उनीहरूले पछि गएर पोखरा नगर योजनालाई अघि सारे । नगरयोजनाले स्तूपको नक्सा आदि पेश गर्न भनियो । उसले भने वमोजिम कागजपत्र पेश गरियो । सवै कागजपत्र पेश गरेपछि जेलभित्र भएका गुरुङलाई नगरयोजनाद्वारा "अस्वीकृत" गरिएको व्यहोराको पत्र पठाइयो । तत्कालीन अञ्चलाधीश शंकरराज पाठकको अध्यक्षतामा वसेको पोखरा नगर योजना कार्यान्वयन समितिको वैठकले २०३१ श्रावण १३ गते स्तूप भत्काउने निर्णय गरी प्रशासनले आफ्नो मान्छे लगाएर ३५ फिट उच्च भैसकेको स्तूप र त्यहाँ निर्माण भैसकेका बौद्धप्रार्थना हल, पाहुनाघर र गुरु बस्ने घर लगायत सबै संरचनाहरू भत्काइदियो ।

कुरा असलमा, विश्वशान्ति स्तूप निर्माण गरिएको त्यो ठाउं त्यसवेला नगर योजनाको क्षेत्रभित्र परेकै थिएन । त्यसवेला नगरयोजनाको क्षेत्र नगरपालिकाभित्र मात्र थियो । फेरि त्यहांका वौद्ध प्रार्थनाहल, पाहुनाघर र गुरु वस्ने घरहरू पोखरामा नगर योजना लागु हुनुपूर्व नै तैयार भएर प्रयोगमा ल्याइएका थिए । त्यहाँ हल वनेर २०३० मसिर १३ गते वुद्धमूर्ति अनावरण गरिएको थियो भने नगरयोजना २०३० मंसिर १७ गतेदेखि मात्र लागु भएको थियो । त्यस्ता स्मारकहरू भत्काउनु त्यसको अधिकार पनि होइन । भरखरै स्थापना भएको त्यस कार्यालयले नगर क्षेत्रभित्रका कसैलाई कारवाही पनि गरेको थिएन । त्यस्तो अवस्थामा आफ्नो अधिकार क्षेत्रदेखि खुलमखुल्ला वाहिर गएर त्यसले आफ्नो पहिलो निशाना भगवान वुद्धको नाममा वनाइएको शान्तिस्तूपलाई वनायो । जुन अत्यन्त दुर्भाग्यपूर्ण घटना हो । त्यसवाट पनि सिद्ध गर्दछ कि त्यो विश्व शान्तिस्तूप वाहिर देखाइएको जस्तो खास कुनै कारण भएर भत्काइएको होइन ।

शान्ति स्तूप भत्काउने कार्य रोक्न जापानी भिक्षुहरूले ठूलो प्रयास गरे । भत्काउनेहरूले स्तूपको जुन ढुङ्गा गलले उप्काउन खोज्थे, भिक्षुहरू त्यही ढुङ्गामा टेकेर वरर आँसु झार्दै ड्रम बजाएर "नाम् म्यो होरेगेंक्यो" सूत्रपाठ गर्दथे । भिक्षुहरूको त्यो प्रयास देखेर ज्यामीहरू त्यसलाई छोडेर अर्को ढुङ्गा उप्काउन खोज्थे भिक्षु त्यही ढुङ्गामा टेक्न जान्थे । त्यो प्रयास धेरैवेर जारी रह्यो । पछि अञ्चलाधीश कार्यालयका खरदारको इशारामा ज्यामीले गल लगाएको ढुङ्गा वलजफती उप्काएको के थियो, ढुङ्गाका साथ भिक्षु मोरियोका तल भूईंमा खस्नुभयो, छाती वजारियो । त्यो भत्काइएको हृदय विदारक दृश्य हेर्न पुगेका साथी खेमराज पौडेल, सोही गाउँका टेकबहादुर गुरुङ र यस पंक्तिका लेखकले भिक्षुलाई उठायौं । अर्को भिक्षु आएर उहांको छातीमा मालिस गरी उपचार गर्नुभयो । त्यसपछि शान्ति स्तूपमाथि अरू निर्मम एवम् वर्वर प्रहार भयो ।

सरकारको त्यो कार्य अन्यायपूर्ण थियो, अत्याचार थियो । त्यसवेलाको त्यो अविवेकपूर्ण एवम् निर्दयी प्रहार पूरै शत्रुवत् किसिमको थियो ।

त्यसले इतिहासमा बर्बर आक्रमणकारी कहलिएका मुसलमानहरूले भारत प्रवेश गर्दा बुद्धविहार, नालदा विश्वविद्यालय लगायतका बौद्ध स्मारकहरूमाथि गरिएको बर्बर एवम् अमानुसिक आक्रमणलाई सम्झाउंथ्यो । त्यसबेलाको घटना इतिहासमा पढिएको थियो भने अहिले बुद्ध जन्मेको देशमा आफ्नै पालामा त्यो दुर्भाग्यपूर्ण घटना देख्नुपर्‍यो ।

त्यसमा पनि धार्मिक सहिष्णुताको नाम लिएर कहिल्यै नथाक्ने सामाजिक सद्भाव र उदारताको वर्णन गर्ने तथा सह-अस्तित्वको माला जप्ने धार्मिक राज्यको प्रतिनिधि सरकारले शान्ति स्तूप र त्यहाँ बनेका बौद्ध स्मारकहरूमाथि गरिएको संहारपूर्ण व्यवहार आफ्नै आँखाले देख्नुपर्‍यो, आफैं उपस्थित भएर टुलुटुलु हेर्नुपर्‍यो । अझ भनौं, लाचार भएर ती सबै सहनुपर्‍यो । त्यस दिनको त्यो हृदयविदारक ध्वंसात्मक घटनाहरू धेरै समय पछिसम्म मेरो दिल र दिमागमा प्रतिछायाँ झैं छाइरह्यो । मेरो त्यसबेलाको धार्मिक भावना र सनातनी मूल्य मान्यतामा गहिरो आघात पर्‍यो र मलाई एक किसिमको विद्रोही बनायो ।

त्यस दिनदेखि हप्तौंसम्म त्यहाँ भत्काउने र बिगार्ने काम जारी रह्यो । सामानहरू चौरभरि, डाँडाभरि छरपष्ट गरेर बेवारिसे अवस्थामा मिल्काइयो । त्यसबेलाको त्यो दृश्य देख्दा लाग्दथ्यो कि कुनै शत्रु देशका आक्रमणकारीहरू किल्ला तोडेर भित्र पसेका र लखनउ लुट गरेर गएका थिए। त्यहाँ त्यसबेला सयौं बोरा सिमेण्ट थिए, कति टन फलामे छडहरू थिए, कर्कट पाताहरू थिए, सबै फालिदिए, जता मन लाग्यो, उतै मिल्काइदिए। मानौं, ती कुनैपनि सामान कुनै कामका होइनन्, प्रयोग गर्न सकिने र उपयोगमा आउने कुरा नै थिएनन् । यस्तो निर्दयी र अपमानजनक व्यवहार सात जन्मका शत्रुले पनि नगरोस् । उनीहरूले सबै भताभुङ्ग र लथालिङ्ग पारेर बिगारेपछि प्रशासनलाई के लागेर हो कुन्नि त्यहाँको ढलोटबाट निर्मित सिद्धार्थ जन्ममूर्ति हप्तौंपछि टुक्रा पारेर माटेपानी गुम्बामा लगेर राखे, जुन मूर्ति आजपनि त्यस गुम्बा परिसरमा देख्न सकिन्छ ।

विश्वशान्ति स्तूप जेजसरी भत्काइयो, त्यसले बौद्धहरूलाई मात्र हानी नोक्सानी पुर्‍याएको होइन, त्यसले विवेकशील सबै नेपालीहरूको हृदयमा गहिरो चोट पारेको छ । अनेक शंका र भय उत्पन्न गरेको छ । त्यसले धार्मिक दृष्टिले पोखराको बढ्दो महत्त्व घटाएको छ भने पर्यटनको दृष्टिले सिङ्गो पोखराको आकर्षण ह्रास गरेको छ । कैयौं मानिसको रोजगारी गुमेको छ । सिङ्गो पोखराको विकास अवरूद्ध भएको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा नराम्रो असर परेको छ भने राष्ट्रको सम्पत्ति दुरूपयोग भएको छ ।

हिजो शान्ति स्तूपमा नेपालीहरूसँग मिलेर श्रमदान गरेका विदेशीहरूले "यस्तो परिश्रम साथ काम गर्ने नेपालीहरूको देश किन पछि परेका होलान्" भनेर आश्चर्य व्यक्त गरेका थिए भने आज ती विदेशीहरू आए प्रस्ट देख्नेछन् कि सतीको श्राप परेको मुलुकको विकास कसको लागि असह्य हुँदोरहेछ र कसले किन अवरूद्ध पार्दा रहेछन् । बुद्ध जन्मेको देशमा बुद्धको नाममा बनाइएका विकास त सहन नसक्नेहरूले अरू केको विकास गर्न देलान् ?

राजधानीमा हारगुहार गरेर त्यो भत्काउने कार्य रोक्न सकिन्छ कि भनेर अनागारिका धर्मशीला र रत्नकुमार कायस्थ (हाल भिक्षु श्रद्धानन्द) काठमाडौं जानुभयो । काठमाडौंमा विदेशीले इजाजत नलिईकन बनाएकाले भत्काउनुपरेको भनेर हल्ला चलाइएको थियो । आफ्नो सरकार "भर्सेज" विदेशी भन्ने अनर्गल राष्ट्रिय भावना उचाल्न खोजिएको थियो । यस्तो मानिए तापनि भिक्षु सुदर्शनले अखिल नेपाल भिक्षु महासंघको तर्फबाट पोखराको पक्षमा दौडधूप गर्नुभयो, ठूलो वकालत गर्नुभयो । त्यसको साथै गुरुमाका पुराना मित्र गुणविक्रम अधिकारीले पनि सक्दो सहयोग पुर्‍याउनुभएको थियो भने उता राष्ट्रिय पञ्चायतमा आफ्ना सहयोगीहरूसँग मिलेर पाल्पा, तानसेनबाट निर्वाचित माननीय पूर्णमान शाक्यले २०३१ श्रावण ३१ गते सार्वजनिक महत्त्वको विषय बनाएर किन के कारणले पोखराको विश्व शान्तिस्तूप भत्काइएको हो भनी प्रश्न सोध्नुभएको थियो ।

माननीय पूर्णमान शाक्य र उहाँका साथीहरूले त्यसरी सोध्नुभएको प्रश्नको जवाफ त्यहाँ न नगर

योजना अन्तर्गत नमिलेको भनेर भनियो, नकि पोखरामा फैलाइएको जस्तो कुनै कारण नै वताइयो । सरकारका मन्त्रीले राष्ट्रिय पञ्चायतमा विदेशीहरूले सरकारसँग इजाजत नलिईकन वनाएको भन्ने आरोप लगाइयो । जहाँसम्म इजाजतको कुरा छ, निप्पोनजान म्योहोजीका गुरु भिक्षु निचिदात्सु फुजीले राजा वीरेन्द्रको दर्शन भेट पाएको वेलामा राजा समक्ष स्तूप वनाउने इच्छा जाहेर गरी विन्तीपत्र दिनुभएको थियो । त्यसवेला दरवार सकारात्मक भएको स्वयम् भिक्षु फुजीले यस पंक्तिका लेखकलाई वताउनुभएको थियो । भारतका तत्कालीन राष्ट्रपति डा. राजेन्द्रप्रसाद, राष्ट्रपिता महात्मा गान्धी, प्रधानमन्त्री जवाहरलाई नेहरूहरूसँग राम्रो सम्वन्ध भएको र भारतलगायतका देशहरूमा विश्वशान्ति स्तूपहरू वनाएर नाम कमाउनुभएका फुजी गुरुलाई त्यसवेला सरकारले स्तूप वनाउने ठाउँ हेर्न जान हेलिकोप्टर पनि उपलव्ध गराएको थियो । पछि के भएर कसको षडयन्त्रमा परेर दरवारको मति विग्रियो, त्यो अध्ययनकै विषय भएको छ । अन्यथा जहाँ शान्ति स्तूप वनाउन खोजियो उतै रोक्नुपर्ने विगार्नुपर्ने थिएन । फेवाताल पारी अनदुमा भइरहेको कामप्रति सरकारलाई थाहा नभएको पनि होइन र राजा रत्नमन्दिरमा मुकाम हुँदा स्वयम् मीनबहादुर गुरुङले त्यसबारे जानकारी गराउनुभएको उहाँले आफ्नो जीवनीमा समेत उल्लेख गर्नुभएको छ । राजा वीरेन्द्र "मर्निङ वाक" गरेर विहानै शान्ति स्तूप पुगेको कुरा कहिलेकाहीं त्यहाँका कामदारहरूले वताउने गर्दथे ।

माननीय शाक्य पोखरा आएर स्थलगत अवलोकन पनि गर्नुभयो । घटना स्थलको वीभत्सतावारे सम्वन्धित मन्त्री र प्रधानमन्त्रीलाई जानकारी गराउनुभयो । उहाँले सरकारलाई तीन सूत्रीय सुझाव दिएर स्तूप तुरुन्त पुनर्निर्माणको माग गर्नुभयो । उहाँको अन्य दुई सुझावमध्ये एउटा क्षतिपूर्ति दिनुपर्ने थियो भने अर्को स्तूप निर्माणको लागि एक समिति गठन गर्नुपर्ने भन्ने थियो । त्यसवेलाको उहाँको प्रयास साहसिक र सकारात्मक मानिएको थियो । वुद्ध जन्मेको देशमा, वुद्धको देशमा, वुद्धको नाममा वनाइएका विश्व शान्ति स्तूप सरकारी पक्षबाटै त्यसरी भत्काइएकामा देश विदेशवाट तीव्र प्रतिक्रिया आयो । बौद्ध देश र बौद्ध संघसंस्थाहरूले तीव्र विरोध जनाए । नेपाली दूतावासहरुमा विरोधपत्र वुझाइयो । सरकारमाथि चर्को दवाव आयो ।

२०३१ सालमा भारतको राजधानी नयाँ दिल्लीमा आयोजित एशियाली बौद्ध सम्मेलनको निमन्त्रणा नेपाललाई पनि आयो । त्यो बौद्ध सम्मेलनमा पोखराको शान्ति स्तूप भत्काइएको सम्वन्धमा प्रश्न उठ्ने, विरोध हुने मात्र होइन सम्भवत: खेद प्रस्ताव समेत पारित गरिने सम्भावना देखेपछि सरकार हतारियो र सम्मेलनको पूर्वसन्ध्यामा सरकारले आश्विनको पहिलो साता एक निवेदन लिएर नेपाली शैलीमा, नेपालीहरूले निर्माण गर्ने भनेर १५ फिटसम्म उचाइको स्तूप निर्माण गर्ने नाटकीय ढङ्गले स्वीकृति प्रदान गऱ्यो । त्यो पत्र लिएर कार्तिक ७ गते भिक्षु सुदर्शन महास्थविर र लोकदर्शन वज्राचार्य पोखरा आउनुभयो । त्यसबेला पनि मीनवहादुर गुरुङ जेलमै हुनुभएको, उहाँको स्वीकृतिविना उहाँको जग्गामा स्तूप वनाउनु तथा त्यति ठूलो शान्तिस्तूपको ठाउँमा त्यति सानो स्तूप वनाउनु कुनैपनि हालतमा उचित नभएकाले पोखरेलीहरूले सरकारको त्यो निर्णय स्वीकार्न सकेनन् । तर नयाँ दिल्लीमा भएको एशियाली बौद्ध सम्मेलनमा भने सरकारको तर्फवाट स्तूप वनाउन स्वीकृति दिई सकिएको जानकारी गराइएको थियो ।

अनदु मीन थुम्कीमा विश्व शान्ति स्तूप भत्काए तापनि स्तूपको अवशेष भएको त्यस ठाउँमा गएर बौद्धहरूले बरावर पूजा आराधना गर्ने गर्दथे । पोखराका बौद्धहरूले वुद्धजयन्तीको सप्ताहव्यापी कार्यक्रम अन्तर्गतको पहिलो दिन अष्टमीमा गएर आफ्नो सो ठाउँप्रति भावनात्मक सम्वन्ध व्यक्त गर्दथे । निप्पोन् जान म्योहोजीका गुरु भिक्षु फुजीले सो ठाउँमा सरकारले स्तूप भत्काइए तापनि नेपालीको हृदयमा स्तूपले आकार बनाइसकेकाले एकदिन स्तूप वन्ने भविष्यवाणी पटक-पटक गर्नुभएको थियो । उहाँले त्यसको लागि नेपाली बौद्धहरू तैयार रहन पनि आग्रह गर्नुभएको थियो ।

त्यसैवीच २०४१ पुस २६ गतेमा फुजी गुरुको १०१ वर्षको उमेरमा निधन भयो । यता २०४३ साल कार्तिक २६ गते अर्को संस्थापक अनागारिका धर्मशीलाको

पनि ६९ वर्षको उमेरमा निधन भयो। शान्ति स्तूप वनाउने कुरा नसेलाओस् र अनुकूल वातावरण वनाउने काम निरन्तर राखिराख्न गुरुमाको पहिलो वार्षिक पुण्यतिथिको उपलक्ष्यमा पोखरामा २०४४ कार्तिक २५-२६ गते आयोजित दोस्रो महापरित्राण र बौद्ध सम्मेलनले विश्व शान्ति स्तूप पुनर्निर्माण गर्ने दृढ अठोट गरी सर्वसम्मतिवाट एउटा राष्ट्रिय समिति गठन गरियो। सम्मेलनले नगर मण्डप श्रीकीर्ति विहारका प्रमुख भिक्षु सुदर्शन महास्थविरको अध्यक्षतामा गठित समितिका उपाध्यक्षमा मीनवहादुर गुरुङ, लोकदर्शन वज्राचार्य र सानुरत्न स्थापित तथा महासचिव र कोषाध्यक्षमा क्रमशः तिलकमान गुभाजू र प्रकाशमान गुभाजूलाई तोकेको थियो। समितिका सदस्यहरूमा विष्णुदेवी श्रेष्ठ (धरान) चकोमान शाक्य (तानसेन), तथा विलवहादुर गुरुङ (पोखरा) रहनुभएको थियो। सम्मेलनले समितिको प्रमुख सल्लाहकारमा भिक्षु अमृतानन्द महास्थविरलाई र सल्लाहकारहरुमा प्रेमवहादुर शाक्य र लक्ष्यवहादुर गुरुङलाई राखेको थियो। समितिले शान्ति स्तूप निर्माण गर्न अनुकूल वातावरण वनाउन र समितिलाई अरू प्रभावकारी वनाउन २०४५ साल वैशाख २५ गते काठमाडौंको वुद्ध विहारमा बसेको बैठकले समितिमा अनागारिका धम्मावती, प्रा. आशाराम शाक्य र पुष्करमान वुद्धाचार्यलाई थप गरेको थियो।

त्यसको अतिरिक्त त्यस वैठकले अन्य उपसमितिहरू पनि गठन गरेको थियो। वैठकले अनदु मीनथुम्कीलाई वौद्ध तीर्थस्थलको रूपमा विकास गर्दै लैजाने उद्देश्यले मास्टर प्लान तैयार गर्नुपर्ने आवश्यकता महशुस गरियो र लोकदर्शन वज्राचार्यको संयोजकत्वमा गुरुयोजना उपसमिति पनि गठन गरियो। जुन समितिमा मीनवहादुर गुरुङ, प्रा. आशाराम शाक्य, प्रकाशमान गुभाजू, इन्जिनियर अमृत श्रेष्ठाचार्य र तिलकमान गुभाजूलाई सदस्य राखिएको थियो।

समितिले तुरून्त त्यस ठाउँमा धार्मिक भावना ल्याउन एउटा चैत्य स्थापना गर्ने विचार पनि गरेको थियो। त्यसको लागि वैठकले अनागारिका धम्मावतीको संयोजकत्वमा चैत्य निर्माण समिति गठन गरी मीनवहादुर गुरुङ, बिलबहादुर गुरुङ, पुष्करमान वुद्धाचार्य र कृष्णमान गुभाजूलाई सदस्य तोकेको थियो।

त्यस्तै, वैठकले एउटा अर्थ सङ्कलन उपसमिति पनि गठन गर्‍यो। सानुरत्न स्थापितको संयोजकत्वमा गठित अर्थसङ्कलन उपसमितिमा दशरथमुनि शाक्य (तानसेन), भक्तिदास श्रेष्ठ (वीरगञ्ज) र वुद्धराज उदय (वुटवल) सदस्य रहनुभएको थियो।

त्यसै वीच २०४६ सालमा पञ्चायती व्यवस्थाको अन्त्य भई प्रजातन्त्रको पुनर्वहाली भयो। प्रजातन्त्रको पुनर्वहाली भएपछि विश्व शान्ति स्तूप बनाउने वातावरण अनुकूल भएको तथा शान्ति स्तूप वनाउने बाटो प्रशस्त भएको अनुभव गरियो।

सरकारले शान्ति स्तूप भौतिक रूपले विगारे तापनि जनताको सातपत्र भित्री हृदयमा परेको छाप कसैले पनि मेटाउन सक्दैन। त्यस्तो छापले कुनै कुनै दिन साकार रूप लिन्छ भन्ने कुरा अनदुको शान्ति स्तूपले सिद्ध गरेको छ।

त्यसपछि अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले शान्ति स्तूप भत्काउँदा भएको क्षतिको विवरणसमेत मागेर सकारात्मक सङ्केत दिनुभएको थियो। आम निर्वाचनवाट निर्वाचित प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले विश्व शान्ति स्तूप पुनः निर्माण समितिको निवेदन अनुसार २०४८ श्रावण २९ गते अनदु मीनथुम्कीमा स्तूप वनाउन दिनु भन्ने निर्देशन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई दिनुभयो। सो मन्त्रालयको २०४८ आश्विन ८ मा नेपाल सरकारबाट (मन्त्रीस्तरीय) निर्णय गरी स्तूप निर्माण गर्न स्वीकृति दिन २०४८ आश्विन १० गते पोखरा नगर योजना समितिलाई आदेश भएको थियो।

मन्त्रालयको आदेश भएपछि शान्तिस्तूप वनाउने औपचारिक बाटो प्रशस्त भएको अनुभव गरियो। शान्ति स्तूप पुनः निर्माण समितिले जापानीजहरूको मात्र भर नपरी नेपालीहरूले आफ्नै तर्फवाट पनि केही गर्नुपर्दछ र केही गरेर देखाउनुपर्दछ भनेर स्तूप परिसरको छेउछाउमा रिटेनिङ वाल लगाएर शान्ति स्तूप वनाउने ठाउँ ठूलो र चौडा पारियो। त्यसको लागि हाल सहयोगीहरूसँग २५,००० देखि ५०,०००

सम्म रूपैयाँ सापटी लिएर भएपनि तुरून्त काम थाल्ने निर्णय गरियो । सो निर्णय अनुसार सानुरत्न स्थापित, वाङ्गेल लामा, तेजमान वुद्धाचार्य, गोपालमान वुद्धाचार्य, शेखरमान वुद्धाचार्य, दशरथमान वुद्धाचार्य, पुष्करमान वुद्धाचार्य, अशोकमान वुद्धाचार्य, गर्भकुमार वज्राचार्य, क्या. तीर्थवहादुर गुरुङ र कमल गुरुङ्गले सापटी दिएर सहयोग गर्नुभएको स्मरणीय छ ।

विश्वशान्ति स्तूप पुनः निर्माण राष्ट्रिय समितिका अध्यक्ष भिक्षु सुदर्शन महास्थविरले स्तूप वनाउने वातावरण तैयार भएकोले अव स्थानीय समिति वनाएर काम अगाडि वढाउनुपर्ने वताउनुभयो । उहाँको निर्देशन अनुसार मीनवहादुर गुरुङको संयोजकत्वमा विश्वशान्ति स्तूप निर्माण समिति गठन गरियो । जसमा तिलकमान गुभाजू सचिव, पुष्करमान वुद्धाचार्य कोषाध्यक्ष तथा भिक्षु मोरियोका सोनी, प्रकाशमान गुभाजू, विलवहादुर गुरुङ्ग र कृष्णमान गुभाजू सदस्य रहनुभएको थियो ।

यसै वीच विश्व शान्ति स्तूपका संस्थापक मीन वहादुर गुरूङ्गको ९३ वर्षको उमेरमा २०५६ चैत्र १७ मा निधन भयो । उहाँको निधन पश्चात् उहाँका सुपुत्र कृष्ण वहादुर गुरूङ्ग स्तूप समितिका अध्यक्ष भएर कार्य गरि रहनु भएको छ ।

स्थानीय स्तरको समिति गठन भएतापनि स्तूप परिसरमा प्रारम्भिक कार्य थालनी गरिएतापनि पोखरा नगर योजना समितिले शान्ति स्तूप वनाउने इजाजत नदिएर वातावरण अझै धमिलो पार्न खोजेको हो कि भन्ने भ्रम सिर्जना भयो । नगर योजनामा त्यसवारे सोधखोज गर्दा अधिकारीहरूले अनदक्षेत्र पोखरा नगरयोजनाको क्षेत्राधिकारभित्र नपरेकाले इजाजत दिन अप्ठ्यारो परेको जवाफ दिइएको थियो । वास्तवमा त्यसवेलासम्म पनि सो गाउँ क्षेत्र नगर योजना भित्र परेको थिएन र अधिकारीहरूले गाउँ विकास समितिमा कुनै भौतिक संरचना निर्माण गर्दा इजाजत लिनुपर्ने प्रावधान पनि नभएकाले निर्माण गरेमा कुनै आपत्ति नभएको जस्तो अनौपचारिक एवं गैर जिम्मेवार जवाफ दिन्थे तर पीडित पक्षको मर्म भने उनीहरूले महशुस गर्न सकेका थिएनन् ।

१८ १९ वर्ष पहिले विश्वशान्ति स्तूप वनाउँदा नगर योजना अन्तर्गत भएन भनेर विगार्ने पोखरा नगर योजनाले अव प्रधानमन्त्री, मन्त्रीको तोक आदेश भएको ठाउँमा वनाउनको लागि इजाजत दिंदा क्षेत्राधिकारभित्र पर्दैन भन्दा पीडित पक्षको मनमा कत्तिको चोट पर्ला ? सर्वसाधारणले पनि महशुस गर्न सक्दछन् । त्यसवेला अनावश्यक र अनाधिकार विगारेको आरोप सरोकारवालाहरूले जे जसरी लगाएका थिए, त्यो सिद्ध भएको झन प्रमाणित भयो । के नगर योजनाले त्यसको लागि क्षमा माग्न सक्छ ? यो प्रश्न पनि नगर योजना सामु राखिएको थियो ।

२०४८ साल आश्विन ८ गते स्तूप वनाउन दिन नेपाल सरकारवाट (मन्त्रीस्तरिय) निर्णय भएपछि २०४८ फाल्गुण ३ गते विश्व शान्ति स्तूपमा शान्ति पूजाको नाममा भव्य सामूहिक पूजा सम्पन्न पनि गरियो । स्तूप परिसरमा प्रारम्भिक कार्यहरु भई रहेका थिए । त्यसैको आधारमा २०४९ साल जेठ ८ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला स्वयं उपस्थित भएर स्तूप पुनः निर्माणका लागि शिलान्यास पनि गर्नु भयो । तै पनि पोखरा नगर योजना कार्यान्वयन समितिले स्तूप वनाउने स्वीकृति दिनमा आनाकानी र आलटाल गरिनै रह्यो । त्यसले कहिले वन विभागको स्वीकृति र कहिले फेवाताल जलाधार कार्यालयको सिफारिस ल्याउन भन्दै लामो समय झुलाई रह्यो ।

विश्व शान्ति स्तूप पुनः निर्माण राष्ट्रिय समितितिले पोखरा नगरयोजनाले मागे अनुसारका कागज पत्रहरु ल्याउँदै पेश गर्दा पनि स्वीकृति दिन हिचकिचाई रह्यो । व्यवस्था फेरियो, सरकार फेरियो, नागरिकको हक अधिकार फिर्ता भएको पनि वताईयो । तर काम गर्ने मानिसहरुको मानसिकतामा परिर्वतन नआएपछि विकासका काम कुराहरु के कसरी अलपत्र पर्दा रहेछन् र ढिला सुस्ति हुँदा रहेछन् भन्ने कुराको प्रमाण विश्व शान्ति स्तूप रहेको छ ।

पोखरावाट नहुने नै भएपछि विश्वशान्ति स्तूप राष्ट्रिय समितिले फेरि एकपटक सिंहदरवार धाउनुपरेको थियो । यसपटक नेपाली कांग्रेसका नेता सुशील कोइरालाले ठूलो सघाउ पुर्‍याउनु भयो । उहाँ

माफंत आवास तथा भौतिक योजना मन्त्रालयमा पुग्दा तत्कालीन सहायक मन्त्री दिलेन्द्रप्रसाद वडूले २०४९ साल भाद्र ११ गते "तीन दिनभित्र पुन: निर्माण गर्न स्वीकृति दिई जानकारी दिन" भनी आदेश दिनुभएको लगत्तै २०४९ भाद्र १९ गते पोखरा नगरयोजना कार्यान्वयन समितिले अघिल्लो दिन वसेको बैठकको निर्णय भनेर विभिन्न शर्तहरू राखेर शान्ति स्तूप वनाउने इजाजत प्रदान गऱ्यो। जसवाट दुई दशक जति पुरानो विश्वशान्ति स्तूप सम्वन्धी विवादको टुङ्गो लागेको अनुभव गरियो। ढिलै भए पनि सत्यको जित भएको ठानियो र त्यस पछि २१ रोपनी ८ आना १ पैसा २ दाम क्षेत्रफल भएको अनदु मिनथुम्कीमा स्तूप निर्माणका कार्यहरु द्रुततर गतिले हुन थालियो।

विश्वशान्ति स्तूप समितिको २०४९ भाद्र ३ गते वसेको बैठकले निर्माण कार्यको रेखदेख गरी सुझाव दिन कृष्णवहादुर गुरुङको संयोजकत्वमा निरीक्षण उपसमिति गठन गरिएको थियो, जुन समितिमा अजित शेरचन, विष्णुहरि वराल (पुम्दीभुम्दी गा.वि.स. वडा नं. १ सदस्य), शम्भुरत्न शाक्य, दीपक उदास र विश्व शाक्य सदस्य रहनुभएको थियो।

संघको एउटा विधान छ। त्यस विधानले जापानको निप्पोनजान म्योहोजीका संस्थापक अध्यक्ष भिक्षु निचिदात्सु फुजी, धर्मशीला वुद्धविहारको संस्थापिका अनागारिका धर्मशीला र पूर्वमन्त्री मीनवहादुर गुरुङलाई संस्थापक घोषणा गरी सम्मान गरेको छ। समितिको दैनिक कार्य संचालनका लागि एउटा कार्य समिति छ।

शिलान्यास समारोहमा प्रधानमन्त्री कोइरालाले दिनुभएको सल्लाह, सुझाव अनुसार एउटा ट्रष्ट वनाएर संस्थाको काम कुराहरु अगाडि वढाउने प्रयास गरिएको छ। तदानुसार संघको विधान निर्माण गरियो र प्रधानमन्त्रीको निर्देशन वमोजिम वनाईएको विधानमा एउटा सरक्षक मंडलको व्यवस्था गरिएको छ। जसमा

सम्माननीय प्रधानमन्त्री यस संस्थाका मानार्थ प्रमुख सरक्षक **(Honarary Patron in Chief)** रहने व्यवस्था छ।

त्यस्तै सरक्षक मण्डलमा:

१. प्रतिनिधि, धर्मशीला वुद्धविहारबाट-१ — संयोजक
२. प्रमुख, निप्पोनजान म्योहोजी जापानवाट-१ — सदस्य
३. प्रतिनिधि, प्रमुख दाता मीनवहादुर गुरुङको परिवारवाट-१ — सदस्य
४. प्रतिनिधि, अखिल नेपाल भिक्षु महासघवाट-१ — सदस्य
५. प्रतिनिधि, धर्मोदय सभा, नेपालवाट-१ — सदस्य
६. प्रतिनिधि, लुम्बिनी विकास कोष-१ — सदस्य
७. भिक्षु हिडियो मोरियोका सोनी (निप्पोन्जान म्योहोजी)-१ — सदस्य

रहेका छन्।

विधानले मानार्थ सदस्यको पनि व्यवस्था गरेको छ। मानार्थ सदस्यमा

१. जिल्ला विकास सभापति, कास्की
२. पोखरा उप-महानगरपालिकाका प्रमुख
३. लेखनाथ नगरपालिकाका प्रमुख
४. पुम्दीभुम्दी गा.वि.स. अध्यक्ष
५. पुम्दीभुम्दी गा.वि.स. वडा नं. १ का वडाध्यक्ष पदेन रहने व्यवस्था गरिएको छ।

यसरी सवै विधि विधान पूरा गरेर विश्व शान्ति स्तूपको पुन: निर्माण भएको छ। स्तूप पुन: निर्माण गर्ने कार्यमा जापानका वौद्ध संस्था निप्पोन्जान म्योहोजी र सो संस्थाका वरिष्ठ भिक्षु मोरियोका सोनीको अथक प्रयास सधैं स्मरणीय रहेको छ।

---


**सन्दर्भ सामग्री :**

१. प्रेमवहादुर शाक्यसँगको अन्तर्वार्ता
२. जापानवाट प्रकाशित स्मारिका
४. मीनवहादुर गुरुङद्वारा लेखिएको आत्मवृतान्त संघर्ष टुङ्गिएको छैन
५. विश्व शान्ति स्तूपको भिजिटिङ्ग वुक
७. तिलकमान गुभाजूद्वारा लिखित "अनागारिका धर्मशीला र उहाँका कार्यहरू" पुस्तक
८. रत्न सुन्दर शाक्य द्वारा लिखित भिक्षु निचिदात्सु फुजि
९. **The Glory of Pokhara The World Peace Pagoda**
१०. "पोखराको शान्ति स्तूप" विश्व शान्ति स्तूप समितिद्वारा प्रकाशित पर्चा
११. परामर्श: विश्ववहादुर गुरुङ

# धर्मशीला विद्वत् वृत्ति भिक्षु निग्रोधलाई प्रदान

पोखरा, अनागारिका धर्मशीला गुरुमाको नाममा स्थापित धर्मशीला विद्वत वृत्ति-२०६६ यहाँ एक समारोहका बीच कार्तिक १२ गते नयाँ बानेश्वर, काठमाडौंस्थित बौद्ध शिक्षालयका सुपरीवेक्षक भिक्षु निग्रोधलाई प्रदान गरियो । विद्वत् वृत्तिमा नगद रू. १५,०००।- (पन्ध्र हजार) र एक सम्मान-पत्र छ ।

सो सम्मान-पत्र प्रमुख अतिथि भिक्षु मैत्रीले प्रदान गर्नुभएको थियो भने नगद रू. १५,०००।- स्थापिका अनागारिका कर्मशीलाले प्रदान गर्नुभएको थियो ।




२०५९ सालदेखि प्रदान गर्न थालिएको सो विद्वत् वृत्तिबाट भिक्षु कोण्डन्य, भिक्षु सुशील, अनागारिका सुजाता, अनागारिका ज्ञाणवती, भिक्षु डा. आनन्द, आचार्य बोसेर लामा र भिक्षु मैत्री सम्मानित भैसक्नुभएको छ ।

विद्वत् वृत्ति बुद्धधर्मको अध्ययन, अनुसन्धान र अन्वेषणका लागि प्रदान गरिन्छ । सो विद्वत् वृत्ति प्राप्त गर्ने व्यक्तिले व्यवस्थापन समितिले आयोजना गरेको कार्यक्रममा धर्मदेशना र प्रवचन गर्नुपर्ने प्रावधान राखिएको छ । विद्वत् वृत्तिको व्यवस्था गरिएपछि यहाँ धर्मदेशना र प्रवचनकर्ताको अभाव केही हदसम्म पूर्ति भएको व्यवस्थापन समितिले जनाएको छ । नेपालमा यस किसिमको यो पहिलो वृत्ति हो ।

समारोहका प्रमुख अतिथि तथा विद्वत् वृत्ति-२०६६ द्वारा सम्मानित भिक्षु मैत्रीले विद्वत् वृत्ति प्राप्त गरेपछि त्यसको दायित्व निर्वाह गर्न कठिन भएको बताउनुभयो ।

विद्वत् वृत्तिबाट सबभन्दा पहिले सम्मानित भिक्षु कोण्डन्यले विद्वत् वृत्ति पाएपछि आफूले ठूलो जिम्मेवारीको अनुभूति गरेको बताउँदै अनागारिका धर्मशीलाको नाममा राखिएको यो वृत्तिको ठूलो महत्त्व रहेको उल्लेख गर्नुभयो ।

समारोहमा अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु धर्ममूर्तिले धर्मदेशना र राहुल महास्थविरले बुद्धपूजा तथा मद्दिभ विनयाचार्यले कठिन दानको महत्त्वमाथि प्रकाश पार्नुभएको थियो । कठिन र विद्वत् वृत्ति समारोह संयुक्त रूपले गर्ने गरिएको छ ।

विद्वत् वृत्तिबाट सम्मानित भिक्षु निग्रोधले आफूले विद्वत् वृत्तिको दायित्व निर्वाहको लागि प्रयास गर्ने बताउनुभयो । उहाँले सद्धर्मको प्रचार गर्ने यो एक सशक्त माध्यम भएको पनि उल्लेख गर्नुभयो ।

समारोहमा व्यवस्थापन समितिका सदस्य उत्तममान बुद्धाचार्यले सम्मानित व्यक्तिको परिचय तथा सदस्य प्रकाश उदासले स्वागत भाषण गर्नुभएको थियो ।

समारोह व्यवस्थापन समितिका सभापति श्रद्धानन्द भिक्षुको सभापतित्वमा सम्पन्न भएको समारोहको शुरूमा ज्ञानमाला भजन गाइएको थियो । समारोहमा जापान, भारत, श्रीलंका, मलेसिया र नेपाल गरी पाँच देशका बीसजनाभन्दा बढी भिक्षुहरू सरिक हुनुहुन्थ्यो ।

***

Wondershare PDFelement

बुद्धधर्मको प्रचार-प्रसारमा अथक परिश्रम
गर्नुभएका धर्मशीला बुद्धविहारका संस्थापिका

**अनागारिका धर्मशीला**

को २३औं पुण्य तिथिमा गुरुमाप्रति

**हार्दिक श्रद्धाञ्जलि**

अर्पण गर्दछौं ।

*साथै*

गुरुमाको स्मृतिमा स्थापित **धर्मशीला विद्वत् वृत्ति-२०६६** बाट सम्मानित हुनुभएका
विश्वशान्ति बौद्ध शिक्षालय वानेश्वर, काठमाडौंका

**सुपरिवेक्षक भिक्षु निग्रोध**

लाई हार्दिक बधाइ तथा शुभकामना ज्ञापन गर्दछौं ।

**सौभाग्य बहुउद्देश्यीय सहकारी संस्था लि.**

गाबहाल, ललितपुर
फोन: ५५३३८५३

**JATAK TOURS AND TRAVELS P. LTD.**

*(Specialized Tour Operator for Buddhist Pilgrimage Tour World Wide)*

5-22, Manbhawan, Patan
Post Box: 10949, Kathmandu, Nepal
Tel.: +977-1-5549609, 5549610, Fax : +977-1-5541272
E-mail : jatak@mos.com.np, jataktours@gmail.com

Wondershare PDFelement

# सामूहिक प्रवज्या कार्यक्रम सम्पन्न

पोखरा/ पोखरा धर्मशीला बुद्ध विहारमा वालिकाहरको सामुहिक ऋदिनी प्रवज्या कार्यक्रम हालै सम्पन्न भयो। ऋपिनी प्रवज्या कार्यक्रम असोज १७ गतेदखि २८ गतेसम भएको थियो। त्यसरी प्रवज्या लिनेहरुको सख्या २२ थियो।

वालिकाहरुको गुफा राख्ने परम्पराको विकल्पमा धर्मशीला बुद्ध विहारले डेढ दशक पहिलेदेखि ऋषिनीप्रवज्या गर्ने गरेको हो। विधिविधानमा सरलता, खर्चमा मितव्ययिता र वालिकाहरुमा बौद्ध जागरण ल्याउने यसको उद्देश्य रहेको छ। प्रवजित वालिकाहरुलाई अनागारिका कर्मशीला, अनागारिका श्रद्धा र डा. गेहेन्द्रमान उदास पोखरेलीले विभिन्न कक्षाहरु लिएर सिकाउनु भएको थियो।

प्रवजित वालिकाहरुले २६ गते मोहरिया टोल स्थित धर्मसंघ बुद्ध विहारदेखि धर्मशीला बुद्ध विहार सम्म विहारसम्म भिक्षारन कार्यक्रम पनि गरेका थिए। भिक्षाटन कार्यक्रममा शिरिष वज्राचार्य, प्रशंसा वज्राचार्य, वृष्टि शाक्य, आयूषा गुभाजू, जिया शेरचन, शिक्षा गुभाजू, सदीक्षा गुभाजू, प्रतिष्ठा वुद्धाचार्य, शिविषा वुद्धाचार्य, रोषनिका वुद्धाचार्य, सुनैता ताम्राकार, सन्ध्या वज्राचार्य, दुर्गा वज्राचार्य, सनैना वज्राचार्य, प्रतिष्ठा शाक्य, अनवन्तिका वज्राचार्य, सुप्रिया वज्राचार्य, सोनिया वज्राचार्य, रिकेशना वुद्धाचार्य,रिजशेन वुद्धाचार्य, सेलिना वुद्धाचार्य र रोमिका वुद्धाचार्य थिए।

प्रवजित वालिकाहरुका अभिभावक समूह-२०६६ शाक्य समाजमा साझा भोजको आयोजना गरेको थियो। जसमा वालिकाहरु आफन्त नातेदारहरुको सहभागिता थियो।

❖❖❖


धर्मशीला बुद्ध विहारका संस्थापिका

*अनागारिका धर्मशीलाको*

२३औं पुण्य तिथिमा गुरुमाप्रति श्रद्धासुमन अर्पण गर्दछौं।

साथै

गुरुमाको स्मृतिमा स्थापित ***धर्मशीला विद्वत्वृत्ति-२०६६***

बाट सम्मानित हुनुभएका **भिक्षु निग्रोधलाई**

हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**बौद्ध अर्घौं सदन**

रामघाट, पोखरा-१०, फोन: ०६१-५२०३६१

बुद्धधर्मको प्रचारप्रसारमा ठूलो योगदान पुर्‍याउनुभएका

अनागारिका **धर्मशीला गुरुमाप्रति**

हार्दिक श्रद्धाञ्जलि

तथा

**धर्मशीला विद्वत्वृत्ति-२०६६** बाट सम्मानित

हुनुभएका भिक्षु निग्रोधलाई हार्दिक शुभकामना !

| **ज्ञानमाला संघ परिवार** | **बौद्ध उपासिका संघ परिवार** |
|---|---|

धर्मशीला बुद्धविहार, पोखरा

श्रद्धेय *अनागारिका धर्मशीला गुरुमाप्रति*

हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

साथै

धर्मशीला विद्वत्वृत्ति-२०६६ बाट सम्मानित


भिक्षु निग्रोधलाई हार्दिक बधाइ ज्ञापन गरी

शुभकामना व्यक्त गर्दछौं ।

**धर्मोदय सभा कास्की** **युवा बौद्ध संघ**

धर्मशीला बुद्धविहार, पोखरा


धर्मशिला विद्वत बृत्ति प्रदान
कठिन उत्सव समारोह-२०६६





पोखराको धर्मशीला बुद्ध विहारमा २०६८ सालमा आयोजित सामूहिक ऋषिनी प्रवज्या कार्यक्रममा सहभागी बालिकाहरू